जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com






## मधेशबाट ३५ को नाम हटाइयो

**टुडे समाचारदाता**

जनकपुरधाम। निर्वाचन आयोगले समानुपातिक बन्दसूचीबाट ७६ उम्मेदवारको नाम हटाएको छ। नाम हटाउने ७६ जना मध्ये ३५ जना मधेशकै उम्मेदवारहरु रहेका छन्।

आयोगले सोमबार विज्ञप्ति जारी गरेर राजनीतिक दलहरूबाट पेस भएका उम्मेदवारको बन्दसूचीका सम्बन्धमा पर्न आएका उजुरी, प्रचलित कानुन बमोजिम तोकिएको उम्मेदवारको योग्यता र अयोग्यता सम्बन्धी व्यवस्था, निर्वाचन आयोगबाट विभिन्न मितिमा भएका निर्णय एवं राजनीतिक दलबाट प्राप्त जानकारी समेतका आधारमा उम्मेदवारहरूको नाम बन्द सूचीबाट हटाइएको जनाएको छ।

यी मध्ये मधेश प्रदेशका ३५ जनामा सबभन्दा बढी सर्लाही जिल्लाका ११ जना रहेका छन्। यस्तै धनुषाबाट ५, सप्तरी महोत्तरीबाट ३/३ जना, सिरहा, रौतहट र पर्साबाट ४/४ जना रहेका छन्। निर्वाचन आयोगका अनुसार यी मध्ये अधिकांश कर्जा सूचनाको कालो सूचीमा रहेका व्यक्तिहरु हुन।

### नक्कली नोट छाप्ने मेजरगञ्ज कारखानामा छापा

# भारतीय प्रहरीको ठूलो कारवाही, १० जना पक्राउ, २५ लाख नक्कली नोट बरामद

**टुडे समाचारदाता**

जनकपुरधाम। भारतको सीमावर्ती सीतामढी जिल्लाको मेजरगञ्जमा प्रहरीले गरेको ठूलो कारवाहीमा नक्कली नोटको धन्धामा संलग्न रहेका १० जनालाई नियन्त्रणमा लिएको छ।

विशेष सुचनाको आधारमा पूर्वी चम्पारण र स्पेसल टास्कफोर्सले नक्कली नोट छाप्ने घरमा छापा मारेको थियो।प्रहरीले २५ लाख नक्कली नेपाली नोट सहित १० जनालाई पक्राउ गरेको पूर्वी चम्पारण जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

नेपालमा हुन लागेको निर्वाचनलाई दृष्टिगत गरी नक्कली नोटको धन्धा गर्ने गिरोहको सक्रियता बढेको थियो। भारत र नेपालका अपराधीहरुको संयुक्त गिरोहले नक्कली नोटको धन्धा भारी परिमाणमा गरिरहेको सूचना प्रहरीलाई प्राप्त भएको थियो।

चुनावमा नक्कली नोट सहज ढंगले चलाउन नक्कली नोट छाप्ने गिरोहका सदस्यहरुले सक्रियता बढाएको थियो। उनीहरुले व्हाट्स एप मार्फत अनेक व्यक्तिलाई सम्पर्क गरी नोट चलाउदा हुने लाभ बारे जानकारी गराउंथे। नेपालको चुनावलाई प्रभावित पार्ने उद्देश्यले सीमापार भारतीय भूमिमा नेपाली नक्कली नोट छाप्ने र नेपालमा पैठारी कार्यमा संलग्न रहेकाहरु मध्ये १० जनालाई भारतीय सुरक्षाकर्मीले पक्राउ गरेको छ। पक्राउ परेकाहरु मध्ये ३ जना नेपाली रहेका छन्।

फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनलाई प्रभावित पार्ने उद्देश्यले नेपाली र भारतीय नक्कली नोट तस्करी गर्ने अन्तर्राष्ट्रिय गिरोहलाई भारतले



नियन्त्रणमा लिएको हो।पक्राउ परेको गिरोहले भारतीय नक्कली नोट समेत छाप्ने गरेका थिए।

भारत बिहार राज्यको सीतामढी जिल्लाको मेजरगञ्ज क्षेत्रमा पूर्वी चम्पारण प्रहरी र स्पेशल टास्क फोर्स (एसटीएफ) ले गरेको संयुक्त कारबाहीमा नक्कली नोट छाप्ने अत्याधुनिक कारखाना फेला पारेर नष्ट गरेको सुरक्षा अधिकारीहरुले जनाएका छन्।

छापा मार्ने क्रममा १ हजार दरका २५ लाख नेपाली नक्कली नोट, १ हजार ८ सय ५० थान पाँच सय दरका नक्कली भारतीय नोट, हाईटेक प्रिन्टिङ मेसिन, विशेष कागज, रसायन लगायतका सामग्री बरामद गरेको प्रहरीले जनाएको छ। नक्कली नोट ओसारपसारमा प्रयोग हुने तीनवटा मोटरसाइकल र कार पनि बरामद गरिएको प्रहरीले जनाएको छ।

पक्राउ परेकाहरुलाई हिरासतमा राखेर विस्तृत सोधपुछ भइरहेको र गिरोहका अन्य सदस्य र मुख्य योजनाकारको पहिचान खुलाउने कार्य भइरहेको भारतीय सुरक्षा अधिकारीहरुले जनाएका छन्। अभियुक्तहरुको नाम भने प्रहरीले खुलाएको छैन्।

उक्त गिरोहले खुला नेपाल-भारत सिमानाको फाइदा उठाउँदै निर्वाचनको समयमा नेपालमा नक्कली नोट तस्करी गर्ने र बजारमा बिक्री गर्ने योजना बनाएको प्रारम्भिक अनुसन्धानले देखाएको छ। निर्वाचनको संवेदनशील अवधिमा आर्थिक अराजकता सिर्जना गर्ने र राजनीतिक गतिविधिलाई प्रभावित पार्ने उद्देश्यले नियोजित रुपमा चलाइएको भारतीय प्रहरीले आशंका गरेको छ।

भारतीय प्रहरीले नक्कली नोटको कारोबारलाई राष्ट्रिय सुरक्षा, आर्थिक स्थायित्व र निर्वाचन प्रक्रियामा गम्भीर खतरा भएकाले घटनालाई उच्च प्राथमिकता दिएको बताएका छन्। नेपाल र भारत दुवै ठाउँमा सक्रिय गिरोहको खोजी तीव्र पारिएको बुझिएको छ।

घटनापछि नेपाल-भारत सीमा क्षेत्रमा सुरक्षा सतर्कता कडा पारिएको छ। दुवै देशका सुरक्षा निकायबीच सूचना आदानप्रदान र समन्वय बढाइएको छ। नेपाली सुरक्षा निकायले पनि नक्कली नोट नियन्त्रण गर्न र सम्भावित आपराधिक क्रियाकलाप रोक्न विशेष निगरानीमा जुटेका छन्।

सर्लाही, महोत्तरी र रौतहटका सीमावर्ती क्षेत्रबाट अहिले पुरुष, महिला र बालबालिकाले नेपालमा नक्कली नेपाली र भारतीय नोट तस्करी गर्न थालेकाले नेपाली सुरक्षाकर्मीलाई चेकजाँचमा कडाइ गरेर नक्कली नोटको धन्धा नियन्त्रण गर्न चुनौती थपिएको छ। नेपाली सुरक्षाकर्मीले तस्करीलाई दोस्रो प्राथमिकतामा राखेकाले यस गतिविधिलाई नियन्त्रण र अनुगमन गर्न ठूलो चुनौती देखिएको छ।

नक्कली नोटको कारखाना बिहार राज्यको नेपालसित जोडिएको जिल्लामा सञ्चालन रहेको समाचार गत असोजमा प्रकासित गरेको थियो।टुडेको समाचारमा नक्कली नोटको कारोबारमा संलग्न रहेका एजेन्टको नेपाली नम्बरको व्हाट्स एप नम्बर समेत सार्वजनिक गरेको थियो।

नक्कली नोटको धन्धा चलाउनेहरुले खुल्लेआम नेपाली नम्बरहरुमा फोन सम्पर्कगरि सक्कली ४० हजार बराबर १ लाख नक्कली नोट उपलब्ध गराउने बताउने गरेका थिए।दसैं, तिहार र छठ पर्वलाई लक्षितगरि फैलाइएको नक्कली नोटको सञ्जाल चुनावको बेला झन झाँगिएको छ।

नेपाली नोट रु. ५ सय, १ हजार दरको र ५ सय दरको भारतीय नोटको कारोबारमा विशेष ध्यान दिन नेपाली अधिकारीहरुले आग्रह गरेका छन्।

### चुनावबारे मतदाता अनभिज्ञ

# उम्मेदवारहरुलाई घरदैलो भ्याई नभ्याई, उम्मेदवारलाई प्रश्नैप्रश्न

**सुभाष कर्ण**

जनकपुरधाम। फागुन २१ गते हुने आसन्न प्रतिनिधि सभा सदस्यहरुको निर्वाचनका लागि उम्मेदवारहरु भ्याई नभ्याई भइरहेको छ भने मतदाताहरुलाई कुनै चासो नरहेको देखिएको छ।

उम्मेदवारहरु दिनरात वडा भेला र कार्याकर्ता भेलासँगै मतदाताको घरदैलोसम्म पुग्ने गरेका छन्। तर मतदाताहरुलाई निर्वाचन कहिले छ र कुन दलबाट को को उम्मेदवार छन् बारे थाहासम्म छैन। उनीहरु विगतमा चुनाव जितेर गएकाहरूले जनताका आधारभूत समस्या सम्बोधन गर्ने खालका कुनै काम गर्न नसकेका कारण आफूहरू चुनावप्रति चासो नदेखाएको बताउंछन्।

धनुषाधाम नगरपालिको गोविन्दपुर गाउँका लक्ष्मिनियादेवी महराले चुनाव कहिले हो र उम्मेदवारहरु को को हुन बारे थाहा नभएको बताउँछिन्। उनले भनिन् चुनाव हुन्छ भन्ने बारे सुनेछु, तर कहिले हुने को को उम्मेदवार छन् बारे थाहा छैन्। आफ्नो कामबाट आफूलाई फुर्सतै छैन भने चुनाव बारे के सोच्नु?

गोविन्दपुरकै अरुण महराले पनि चुनाव हुन्छ भन्ने सुनेछु, नेताहरु यताउता गाडी कुदाई रहेको देखिरहेछु तर कहिले निर्वाचन हुने बारे थाहा छैन। कुनै उम्मेदवार अहिलेसम्म घरमा मत माग्न आएको छैन बारे भने अहिलेसम्म त आएको




छैन। फेरी कसलाई मत दिनुहुन्छ बारे अरुणले भने आफूले सोचेको छैन। चुनावको एक हप्ता बांकी रहेपछि टोलवासी बसेर छलफल गर्नेछौं।

धनुषाको सो क्षेत्रमा गोविन्द मात्र होइन सतोषर गाउँका बुढापाका र तल्लो तहका स्थानीयलाई निर्वाचन बारे चासो देखिएको छैन। हुनत सो क्षेत्रमा युवावर्गहरु दलीय रुपमा लागेका कारण चासो देखाएपनि विगतका निर्वाचन झै उत्साहित देखिएको छैन।

सतोषर कुस्माहा टोलका सुर्यनाथ यादव भन्छन् 'चुनाव फागुन २१ गते हुन्छ बारे सुनेछु, तर उम्मेदवार को को छन् खासै थाहा नभएपनि पुरानै उम्मेदवारहरु यस पटक निर्वाचनमा भाग लिएको सुन्दैछु। आउंदो निर्वाचनले निर्वाचित हुने जनप्रतिनिधिबाट के अपेक्षा छ भन्ने बारे उनले भने के अपेक्षा राख्ने विगत जस्तै उम्मेदवार जित्छन र जितेपछि फर्केर आउंदैन।'

निर्वाचनमा आफ्नो उम्मेदवारी बारे कांग्रेसका उम्मेदवार रामपलटन साहले आफू भारी मतले विजयी हुनेमा ढुक्क छन्। उनी भन्छन् 'अहिलेको कांग्रेस बदलिएको नयाँ जनादेशसहितको कांग्रेस हो, हामी नयाँ भिजन र योजनाका साथ सभापति गगन थापाको साथमा चुनावमा उत्रेका छौं र आउंदो निर्वाचनमा विजयी हुने निश्चित छ।

जनताले कांग्रेसलाई नै किन मत दिन्छन बारे उनले भने 'जेनजी आन्दोलनपछि देश नयाँ दिशातर्फ अघि बढेको छ। कांग्रेसपनि आफूलाई बदलेर देश बदल्ने बाटोमा हिंडेको छ, जनतालाई भ्रष्टाचारमुक्त सहितका सुशासन र विकासको गति तिव्र रुपमा अघि बढाउने सोचका साथ चुनावमा आएकाले जनताले हामीलाई मत दिन्छन भन्ने मतदाताहरु नै भनिरहेका छन्।'

यस्तै नेकपाका मातृका यादवले भने हजारौं नेपालीको शहादतबाट देशमा संघीयता र गणतन्त्र आएको छ। भदौ २३ र २४ गते भएको जेनजीको आन्दोलनको क्रममा २४ गतेको आन्दोलनको स्वरुप हेर्दा संघीयता र गणतन्त्र खतरामा रहेकाले आफूहरु त्यसलाई बचाउने एजेण्डाको साथ मतदाताको बीच गइरहेका छौं र मतदाता पनि सचेत रहेकाले नेकपालाई मत दिनेछन् भन्नेमा आफू विश्वस्त छु।'

धनुषा १ मा स्वतन्त्रबाट २९ र दलबाट १३ जना गरी ४२ जना उम्मेदवार चुनावी मैदानमा छन्। कांग्रेसबाट रामपलटन साह, एमालेबाट रामचन्द्र मण्डल, नेपाली कम्युनिष्ट पार्टी (नेकपा) बाट मातृका यादव, जनता समाजवादी पार्टी (जसपा) नेपालबाट दिपक कार्की, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेपालबाट किशोरी साह कमल उम्मेदवार छन्।

# चुनावमा हस्तक्षेप हुन सक्छ : मातृका

**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषा १ बाट नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का उम्मेदवार मातृका यादवले भदौ २४ गते देशीविदेशीको हस्तक्षेपले आन्दोलनको नाममा विध्वंश मचाइएकोले त्यसले निर्वाचनमा पनि अपराधिक गतिविधि हुन सक्ने संकेत गरेको बताएका छन्।

टुडे सहकर्मीसँग कुरा गर्दै यादवे भने, २३ गतेको आन्दोलन जायज मागका लागि थियो। तर भदौ २४ गते जुन रुपले देशमा आगो लगाई विध्वंश मचाइयो, त्यसले आन्दोलनको नाममा नेपाललाई ध्वस्त पार्ने गरी देशीविदेशीले हस्तक्षेप गरेको प्रष्ट देखिन्छ। यसले निर्वाचनमा पनि असर पार्ने आशंका रहेको छ।

ती आन्दोलनमा प्रहरी प्रशासनको भूमिका र ती आन्दोलनमा खुलेर नै सहयोग गरेकाहरु अहिले नयाँ दलको नाममा उभ्रेर आएकाले तिनीहरु देशमा विध्वंश मचाउने झै निर्वाचनको क्रममा प्रहरी प्रशासनलाई प्रभावमा पारेर बुथ कब्जा, मत छाप्ने लगायतका क्रियाकलाप



गर्न सक्नेछ। त्यसलाई रोक्न आफूहरु सजग छौं र जनताहरु समेत त्यस्ताबाट सचेत हुन जरुरी छ।

'अहिलेको निर्वाचन प्रतिक्रियावादी शक्ति र देश बनाउने संघीयता तथा गणतन्त्रवादीहरुबीच रहेकाले जनताको मत नै निर्णय गर्नेछ' उनले भने, जनताले देश बचाउनमै सही निर्णय गर्नेछ भन्नेमा म विश्वस्त छु।

## जाडोमा आगो ताप्दा, हिटर चलाउँदा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरू

**जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरू गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरू हुने गरेका छन्। त्यसैले यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरू अपनाऔं:**

हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गरौं




कोइलाजन्य स्रोतबाट सकेसम्म आगो नतापौं



आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामग्री नजिक नराखौं

आगो तापिसकेपछि त्यसलाई पूर्ण रूपमा निभाउने गरौं

हिटरको प्रयोग गर्दा समय–समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं र सुत्नुअघि अनिवार्य रूपमा हिटर बन्द गरौं



गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं



गिजर खोलेर लामो समयसम्म बाथरुममा बस्ने नगरौं

गिजर प्रयोग गरेर नुहाउँदा सम्भव भएसम्म बाथरुमको झ्याल बन्द नगरौं

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र

PLAN INTERNATIONAL
Until we are all equal

# धनुषा ४ उम्मेदवार यादवको भेला सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषा ४ बाट कांग्रेस उम्मेदवार महेन्द्र यादवले आफ्नो चुनावी अभियान तीव्र पारेका छन् । उम्मेदवार यादवले चुनावी अभियानको क्रममा पार्टी प्रवेशसँगै वडा तथा कार्यकर्ता भेला कार्यक्रमलाई तीव्र पारेको हो।

सो क्षेत्रका जनकपुरधाम उपमहानगरपालिका स्तरीय वृहत्त कार्यकर्ता भेटघाट कार्यक्रम सोमवार सम्पन्न गरेको छ । कांग्रेस संगठनलाई सुदृढ र कार्यकर्ताहरुलाई एकीकृत गर्ने उद्देश्यले वडा तथा कार्यकर्ता भेलालाई चुनावी अभियानमा प्रमुखता दिएको छ।



कांग्रेस नेता धिरेन्द्र मोहन झाको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा मधेस प्रदेश सरकारका पूर्व मन्त्री एवं मधेस प्रदेश सभा सदस्य माननीय शेष नारायण यादव, काँग्रेस धनुषा सभापति योगेन्द्र पजियार, प्रदेश प्रमुख सचेतक कुमार कान्त झा लगायतका नेताहरुको उपस्थिति रहेको थियो।

यसैबीच नेकपा एमालेबाट निर्वाचित धनुषाको बटेश्वर गाउँपालिका-५ का वडा सदस्य तथा वडा अध्यक्ष अशोककुमार यादवले पार्टी परित्याग गर्दै नेपाली कांग्रेसमा प्रवेश गरेका छन।

यादवले एमालेको साधारण सदस्यसमेत त्यागेको औपचारिक घोषणा गर्दै कांग्रेसको सदस्यता ग्रहण गरेका छन। धनुषा क्षेत्र नं. ४ बाट प्रतिनिधिसभा उम्मेदवार महेन्द्र यादवले टीका-माला लगाएर नेपाली कांग्रेसमा स्वागत गरेका छन्।

पार्टी प्रवेश कार्यक्रममा स्थानीय नेता, कार्यकर्ता तथा सर्वसाधारणको उल्लेखनीय उपस्थिति रहेको थियो । यसै क्रममा धनुषाका युवा नेता अजय राउतसहित अन्य स्थानीय युवाहरू पनि नेपाली कांग्रेसमा प्रवेश गरेका छन्। अजय राउत २०७४ सालको स्थानीय तह निर्वाचनमा बटेश्वर गाउँपालिका-५ को वडाध्यक्ष पदका प्रत्यासी थिए।

त्यस निर्वाचनमा पराजय भोग्नुपरे पनि उहाँ २०७९ को स्थानीय तह निर्वाचनमा बटेश्वर गाउँपालिकाको अध्यक्ष पदका प्रत्यासी बनेका थिए । हालै लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) बाट राजीनामा दिएपछि राउत नेपाली कांग्रेसमा प्रवेश गरेका छन। पार्टी प्रवेशपछि राउतले लोकतान्त्रिक मूल्य, समावेशी राजनीति र युवामैत्री सोचका कारण कांग्रेस रोजेको बताए।

# राष्ट्रपति पौडेलसँग जापानका विदेश राज्यमन्त्रीको भेटवार्ता

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले नेपाल-जापान कूटनीतिक सम्बन्धको ७०औँ वार्षिकोत्सव द्विपक्षीय सम्बन्धको एक कोशेढुङ्गा भएको बताउनुभएको छ।

उहाँले नेपालको सामाजिक तथा आर्थिक विकासमा जापान एक महत्वपूर्ण तथा विश्वासिलो विकास साझेदार रहेको र नेपालको विकास प्रक्रियामा जापानले महत्वपूर्ण भूमिका खेलेको बताउनुभएको राष्ट्रपतिको सचिवालयले जनाएको छ । जापानको औपचारिक भ्रमणमा रहनुभएका राष्ट्रपति पौडेलसँग जापानका विदेश राज्यमन्त्री होरी इवाओले आज यहाँ गर्नुभएको शिष्टाचार भेटका अवसरमा राष्ट्रपति पौडेलले सो धारणा व्यक्त गर्नुभएको हो।



"जापानले नेपाललाई द्विपक्षीय अनुदान र ऋण, बहुपक्षीय सहायता तथा प्राविधिक सहयोग गर्दै आएको छ जस्ले मानव संसाधन विकास, स्वास्थ्य, कृषि तथा पूर्वाधार विकास, वातावरण संरक्षण, संस्कृति जगेर्नाका क्षेत्रमा उल्लेख्य भूमिका खेलेको छ, यी क्षेत्रहरुमा जापानको अनुभव, ज्ञान, सीप र प्रविधिबाट हामी अझै लाभान्वित हुन चाहन्छौँ", भेटमा राष्ट्रपति पौडेलको भनाइ उद्धृत गर्दै उहाँका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिनुभयो।

नेपाल सन् २०२६ मा अति कम विकसित राष्ट्रहरूको श्रेणीबाट स्तरोन्नतिका क्रममा रहेको र यसमा नेपालले सदाझैँ जापानबाट सद्भाव र सहयोग प्राप्त गर्ने उहाँले विश्वास व्यक्त गर्नुभयो । "नेपालको विकास प्राथमिकताका क्षेत्रमा जापानी लगानी आकर्षित गर्ने ठूलो सम्भावना छ, हामीले नेपालमा व्यापार सहज बनाउन, विदेशी लगानी आकर्षित गर्न र नवप्रवर्तनलाई प्रवर्द्धन गर्न कानुनी, प्रक्रियागत र संस्थागत सुधार गरिसकेका छौँ", राष्ट्रपति पौडेलले भन्नुभयो।

सांस्कृतिक रुपमा दुई मुलुक गौतम बुद्धको शिक्षाबाट प्रेरित रहेको तथा बुद्धको जन्मस्थल लुम्बिनीले नेपाल र जापानका जनताबीच बलियो पुलको काम गरेको सन्दर्भ उल्लेख गर्दै उहाँले लुम्बिनीको विकासमा जापानले पुऱ्याएको सहयोगप्रति आभार प्रकट गर्नुभयो । जापानको सामाजिक-आर्थिक क्षेत्रमा आप्रवासी नेपाली समुदायको योगदानले द्विपक्षीय सम्बन्धलाई कुनै न कुनै रुपमा बलियो बनाउन मद्दत पुऱ्याएको उहाँको भनाइ थियो।

सो अवसरमा जापानका विदेश राज्यमन्त्री इवाओले गत भदौ २३ र २४ गते नेपालमा भएको प्रदर्शनीपछि संविधान र लोकतन्त्रको रक्षाका लागि राष्ट्रपति पौडेलले खेल्नुभएको भूमिकाप्रति देशबाहिर पनि अत्यन्त प्रशंसा भएको बताउँदै शान्ति, स्थायित्व र लोकतन्त्रको सुदृढीकरणका लागि जापानले सधैँ सहयोग गर्ने बताउनुभएको थियो।

जापानी राज्यमन्त्रीले नेपालको शान्ति र समृद्धि भनेको यो क्षेत्रकै शान्ति र विकास भएको उल्लेख गर्दै दिगो शान्ति र स्थायित्वका लागि आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन सफलतापूर्वक सम्पन्न होस् भन्ने जापानको अपेक्षा रहेको बताउनुभएको थियो । यसैगरी उहाँले नेपालको विकासमा जापानका तर्फबाट निरन्तर सहयोग हुने विश्वास दिलाउँदै बाढीबाट क्षतिग्रस्त काठमाडौँ -सिन्धुली सडकको पुनर्निर्माण र काठमाडौँ-कोटेश्वरको सवारी व्यवस्थापन गर्न आवश्यक 'अन्डर पास' निर्माण गर्ने निर्णय गरिसकेको पनि जानकारी दिनुभएको थियो।

नेपाल र जापान बीचको कूटनीतिक सम्बन्ध स्थापना भएको ७०औँ वर्षगाँठका अवसरमा जापान सरकारको निमन्त्रणामा राष्ट्रपति पौडेल, प्रथम महिला सबिता पौडलसहितको नेपाली प्रतिनिधिमण्डल अहिले यहाँ उच्चस्तरीय भेटघाटमा व्यस्त छ। चारदिने औपचारिक भ्रमणका क्रममा राष्ट्रपति पौडेल आइतबार राति त्यसतर्फ प्रस्थान गर्नुभएको हो ।रासस

## नेपालमा बोलिने सबै भाषा हाम्रा सम्पत्ति हुन्, कुनैलाई पनि मर्न दिनुहुँदैनः प्रधानमन्त्री कार्की



काठमाण्डु। प्रधानमन्त्री सुशीला कार्कीले नेपालमा बोलिने भाषाहरू हाम्रा सम्पत्ति भएकाले तिनलाई मर्न दिन नहुने बताउनुभएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयमा भाषा आयोगले तयार पारेका दुईवटा फरकफरक विषयका अध्ययन प्रतिवेदन ग्रहण गर्दै उहाँले भाषा संरक्षणका लागि सम्बद्ध सबैले सकारात्मक भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो। अध्यक्ष डा गोपाल ठाकुरको नेतृत्वमा आएको आयोगको प्रतिनिधिमण्डलले मातृभाषा शिक्षासम्बन्धी प्रतिवेदन र अन्तरराष्ट्रिय आदिवासी भाषा दशक (२०२२-२०३२) नेपालको राष्ट्रिय कार्ययोजना कार्यान्वयनसम्बन्धी प्रतिवेदन प्रधानमन्त्री कार्कीसमक्ष पेस गरेको थियो।

प्रतिवेदन ग्रहणपछि प्रधानमन्त्री कार्कीले भन्नुभयो, "हाम्रो देशमा १२४ वटा भाषा छन्, यी सबै हाम्रा सम्पत्ति हुन्। यीमध्ये कतिपय भाषा लोप हुन लागेका छन्, त्यसैले कुनै पनि भाषा मर्न दिनुहुँदैन। प्रत्येक भाषा उत्तिकै महत्त्वपूर्ण छन्।"उहाँले भाषाको जगेर्ना गर्न यस खालका अध्ययन अनुसन्धान भइरहनुपर्ने धारणा पनि राख्नुभयो ।रासस

# राष्ट्रपति पौडेलद्वारा जापानी व्यापारिक समुदायलाई नेपालमा लगानी गर्न आह्वान

काठमाण्डु। राष्ट्रपति रामचन्द्र पौडेलले जापानी व्यापारिक समुदायलाई नेपालमा व्यापारिक अवसरको खोजीका लागि आह्वान गर्नुभएको छ । उहाँले जापानी व्यापारिक समुदायलाई नेपालमा लगानी र व्यापारका लागि हरसम्भव सहयोग प्रदान गर्न नेपाल सरकार कटिबद्ध रहेको विश्वास व्यक्त गर्नुभएको उहाँको सचिवालयले जनाएको छ।



नेपाल र जापान बीचको कूटनीतिक सम्बन्ध स्थापना भएको ७०औँ वर्षगाँठका अवसरमा जापानको टोकियोमा सोमबार आयोजित जापानका व्यापारिक समुदायका सदस्यहरूसँगको अन्तर्क्रियात्मक कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले सो आह्वान गर्नुभएको हो । उहाँले नेपाल जापानी निजी क्षेत्रसँग घनिष्ट साझेदारी निर्माण गर्न चाहन्छ भन्नुभयो।

"हामीले लगानीमा आकर्षक प्रतिफलका साथै नाफा र पुँजी फिर्तीका लागि सहज प्रक्रियासहितको स्थिर समष्टिगत आर्थिक वातावरण तयार गरेका छौँ, नेपाल सरकार वैदेशिक लगानीमा पूर्ण सहयोग, निर्बाध सहजीकरण र सुरक्षा प्रदान गर्न प्रतिबद्ध छ", राष्ट्रपति पौडेलले भन्नुभयो। उहाँले नेपाल-जापान कूटनीतिक सम्बन्धको ७०औँ वार्षिकोत्सव मनाउँदै गर्दा हाम्रा दुई पक्षबीच पारस्परिक लाभका क्षेत्रमा गहन सहकार्य अघि बढाउन यो उपयुक्त क्षण पनि भएको बताउनुभयो। राष्ट्रपति पौडेलले गौतमबुद्धको दर्शनले हामी आल्हादित भएको र नेपाल र जापानको सम्बन्ध सांस्कृतिक रूपले आदिकालदेखि रहेको उल्लेख गर्दै भन्नुभयो, "गौतमबुद्धले भनेका थिए- शान्तिको विजय त्यो हो जसमा कसैको हार हुँदैन।"

उहाँले नेपालमा निर्धक्कसँग लगानी गर्न र व्यापार गर्न आह्वान गर्दै कृषि, जलस्रोत र पर्यटनजस्ता क्षेत्रमा लगानी गरेर नेपाललाई पनि धनी बनाउन र जापानले पनि फाइदा लिन आग्रह गर्नुभयो । "नेपालमा लगानी गरे धन पनि हुन्छ ! धर्म पनि हुन्छ," उहाँले भन्नुभयो, "नेपाल र जापानबीच सद्भाव, मित्रता र सहयोगमा आधारित उत्कृष्ट सम्बन्ध रहिआएको छ, आज यहाँको व्यापारिक समुदायको उत्साहजनक सहभागिता नेपाल र जापानबीच तीव्र व्यापार र लगानी सम्पर्क स्थापित गर्न फलदायी हुनेछ भन्ने मेरो विश्वास छ।" दुई मुलुकबीचको कूटनीतिक सम्बन्धको ऐतिहासिक ७०औँ वार्षिकोत्सव भएको तथा हाम्रा सम्बन्धहरू सरकारी मात्र होइन जनस्तरमा पनि प्रगाढ हुँदै गएको सन्दर्भमा नेपालको सामाजिक-आर्थिक विकास प्रयासमा एक विश्वसनीय विकास साझेदारका रूपमा दशकौँदेखि जापानले गरेको सहयोगको उहाँले उच्च प्रशंसा गर्नुभयो।

राष्ट्रपति पौडेलले राजनीतिक स्थिरतासँगै नेपालको प्रयासहरू सामाजिक न्याय, सुशासन र जनताको समृद्धि प्राप्तिमा केन्द्रित रहेको छ भन्नुभयो । साथै, यस वर्षको अन्त्यसम्ममा नेपाल अति कम विकसित मुलुकको हैसियतबाट स्तरोन्नति हुने तथा २०३० सम्ममा मध्यम आय भएको मुलुक बन्नु हाम्रो लागि अर्को महत्त्वपूर्ण उपलब्धि हुने उहाँको भनाइ थियो।

"यस्तो अभियानमा ठूलो स्रोतसाधनको आवश्यकता पर्छ, अन्य कुराका अलावा राष्ट्रिय प्राथमिकताका क्षेत्रमा अत्यधिक विदेशी लगानी आकर्षित गर्ने, नेपालको व्यापार बढाउने, अन्तर-आबद्धता विविधीकरण गर्ने, पर्यटन प्रवर्द्धन गर्ने एवं उच्चस्तरीय प्रविधि हासिल गर्नेमा ध्यान केन्द्रित गरिएको छ," राष्ट्रपति पौडेलले भन्नुभयो । उहाँले आजको समयमा आन्तरिक रूपमा सरकार र निजी क्षेत्रले हातेमालो नगरी एवम् बाह्य रूपमा अन्य मुलुकसँग साझेदारी अघि नबढाई कुनै पनि देश समृद्ध हुन नसक्ने विचार व्यक्त गर्नुभयो।

उदार आर्थिक नीतिहरूको पालना गर्दै नेपालले उत्पादन, जलविद्युत्, पर्यटन, सेवा, सूचना प्रविधि, खानी र कृषिमा आधारित उद्योगलगायत लगभग हरेक क्षेत्रलाई विदेशी लगानीका लागि खुला गरेको तथा व्यापार सहज बनाउन, विदेशी लगानी आकर्षित गर्न र नवप्रवर्तनलाई प्रवर्द्धन गर्न व्यापक कानुनी, प्रक्रियागत तथा संस्थागत सुधारहरू गरेको उहाँको भनाइ थियो।

"नेपाल लगानी बोर्डले ठूला लगानीकर्ताहरूलाई एकद्वार सेवा प्रदान गर्दछ, अन्तरराष्ट्रिय मुद्रा कोष, विश्व बैङ्क र प्रमुख अन्तरराष्ट्रिय मूल्याङ्कन एजेन्सीहरूले स्वतन्त्र मूल्याङ्कनमार्फत नेपालले दक्षिण एसियामै सबैभन्दा अनुकूलमध्येको एउटा व्यावसायिक वातावरण प्रदान गर्ने पुष्टि गरेका छन्", राष्ट्रपति पौडेलले भन्नुभयो। विश्वका दुई उदीयमान अर्थतन्त्र भारत र चीनको बीचमा रहेको नेपालको अवस्थितिले सम्भावित लगानीकर्ताहरूलाई बृहत्तर फाइदा प्रदान गर्ने उहाँले विश्वास व्यक्त गर्नुभयो।

सो अवसरमा जापानका लागि नेपालका कार्यवाहक राजदूत हरिहरकान्त पौडेलले स्वागत गर्नुभएको थियो भने परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राई र सहसचिव भृगु ढुङ्गानाले नेपालमा लगानीको सम्भाव्यताबारे प्रस्तुति राख्नुभएको थियो ।रासस

# निर्वाचनलाई उच्च प्राथमिकता दिन आयोग र सरकारी सञ्चारमाध्यमबीच छलफल

काठमाण्डु । निर्वाचन आयोगले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनसम्बन्धी सत्य, तथ्य सूचना र सामग्रीलाई व्यापकता दिइ मतदाता शिक्षाको प्रवर्द्धन, सञ्चार अनुगमनलगायतका विषयमा सोमबार सरकारी स्वामित्वका सञ्चारमाध्यम र सम्बन्धित निकायसँग छलफल गरेको छ।



आयोगले निर्वाचन आउन एक महिना बाँकी रहेको सन्दर्भमा निर्वाचनमय वातावरणको सिर्जना, निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयन र स्वच्छ, निष्पक्ष, भयरहित, पारदर्शी एवं मितव्ययी रुपमा निर्वाचन सम्पन्न गराउन ती माध्यमसँग सहकार्यको योजना पनि मागेको छ। आयोगका निर्वाचन व्यवस्थापन महाशाखाका प्रमुख एवं सहसचिव राजेन्द्रकुमार केसीले सञ्चारमाध्यमले आफ्नो नियमित जिम्मेवारीका अतिरिक्त निर्वाचनपूर्व, निर्वाचनका समय र निर्वाचनपश्चात्का अवधिमा तथ्यपूर्ण सूचना र समाचार सामग्री उत्पादन तथा प्रकाशन/प्रसारण गरेर निर्वाचनको राष्ट्रिय दायित्वलाई सफल तुल्याउनुपर्नेमा जोड दिनुभयो।

छलफलमा राष्ट्रिय समाचार समिति (रासस) का महाप्रबन्धक सन्दीप राईले राससले चौबिसै घण्टा समाचारीय सेवा प्रवाहमार्फत ६ सयभन्दा बढी सेवाग्राहीलाई राष्ट्रिय/अन्तरराष्ट्रिय समाचार, आलेख, विचार, अन्तर्वार्ता, मातृभाषा सेवालगायत सामग्री सम्प्रेषण गरिरहेको बताउनुभयो । उहाँले निर्वाचन क्षेत्र विशेषका समग्र समाचार सङ्कलनका लागि निर्वाचन डेस्कको स्थापना गरी प्रभावकारी काम भइरहेको जानकारी दिनुभयो।

विज्ञापन बोर्डका अध्यक्ष लक्ष्मण हुमागाईँले निर्वाचनका समयमा विज्ञापनमार्फत आचारसंहिताको उल्लङ्घन हुन सक्ने भएकाले त्यसका लागि बोर्डले नियमनको काम गरिरहेको जानकारी दिनुभयो। प्रेस काउन्सिल नेपालका मुख्य प्रशासकीय अधिकृत झविन्द्र भुसालले निर्वाचन आचारसंहिता र पत्रकार आचारसंहिताको कार्यान्वयनका लागि काउन्सिलले विशेष टोली बनाएर अनुगमन-कारावाहीका काम गरिहेको जानकारी दिनुभयो।

यस्तै सार्वजनिक प्रसारण संस्था (नेपाल टेलिभिजन/रेडियो नेपाल) का नायब महाप्रबन्धक राजकुमार थापा, गोरखापत्र संस्थानका निमित्त कार्यकारी सम्पादक नारद गौतमले आफ्ना संस्थाबाट निर्वाचनका विषयमा भइरहेका समाचारीय काम र भावी योजनाबारे अवगत गराउनुभएको थियो ।रासस

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | अड्किएको काम अचानक अघि बढ्न सक्छ। |
| वृष : | धैर्यले ठुलो फाइदा दिलाउनेछ। सानो कुरामा सिरस नगर्नु नै बुद्धिमानी हुन्छ। |
| मिथुन : | नयाँ विचार दिमागमा आउन सक्छ। पढाइ वा सिकाइमा राम्रो प्रगति हुनेछ। |
| कर्कट : | भावनात्मक पक्ष बलियो रहनेछ । घरपरिवारको जिम्मेवारी बढ्न सक्छ। |
| सिंह : | नेतृत्व क्षमता देखाउने मौका मिलन सक्छ। |
| कन्या : | योजना बनाएर काम गरे सफलता मिल्छ। |
| तुला : | सन्तुलन कायम राख्नु मुख्य कुरा हो। |
| वृश्चिक : | गोप्य कुरा बाहिर नल्याउनु राम्रो हुन्छ। कार्यक्षेत्रमा प्रतिस्पर्धा बढ्न सक्छ। |
| धनु : | यात्रा वा नयाँ योजनाको योग छ। |
| मकर : | जिम्मेवारी बढ्ने दिने हो । काममा अनुशासनले फाइदा दिलाउनेछ। |
| कुम्भ: | नयाँ अवसर देखिए पनि हतार नगर्नुहोस्। काममा सहकर्मीको सहयोग पाइनेछ। |
| मीन : | मन अलि चञ्चल रहन सक्छ। ध्यान वा साधनाले शान्ति मिल्नेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

## बदलिएको कांग्रेसले देश विकासको नेतृत्व गर्छः महामन्त्री पौडेल

काठमाण्डु । नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेलले बदलिएको कांग्रेसले देश विकासको नेतृत्व गर्ने बताउनुभएको छ ।काठमाडौं क्षेत्र नं ५ का मतदातासँग सोमबार आयोजित भेटघाट कार्यक्रममा उहाँले कांग्रेस देशको विकासका लागि नेतृत्व लिन तयार रहेको बताउनुभयो । महामन्त्री पौडेलले नागरिकको अपेक्षाअनुसार नै पार्टी सुधार गरिएको बताउनुभयो ।

“नेपाली कांग्रेससँग नागरिकका धेरै गुनासा र अपेक्षा छन्, नागरिकका गुनासा सम्बोधन गर्न कांग्रेसलाई निर्वाचित गराउन आवश्यक छ”, उहाँले भन्नुभयो । आम निर्वाचन २०८२ का लागि देश विकासका भिजन समेटिएका घोषणा पत्र तयार गरिँदै गरेको उहाँको भनाइ थियो । सो



घोषणापत्रले नागरिकका चाहना सम्बोधन गर्दै देश विकासको अबको मार्गचित्र तय गर्ने महामन्त्री पौडेलले बताउनुभयो ।

“नागरिकको अपेक्षाअनुसार देश बदल्ने यात्रामा प्रमुख १० प्राथमिकता तय गरेर हामी अघि बढ्दैछौं, तपाईंहरु सबैको साथ र सहयोगको अपेक्षा गरेका छौं”, उहाँले भन्नुभयो ।रासस

## नेपालमा निपाह भाइरसको जोखिम न्यून भए पनि सतर्क रहन स्वास्थ्य मन्त्रालयको आग्रह




काठमाण्डु । छिमेकी देशमा देखिएको निपाह भाइरसका सङ्क्रमणको जोखिम नेपालमा न्यून भए पनि सतर्क रहन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आग्रह गरेको छ ।

सोमबार एक विज्ञप्ति जारी गर्दै मन्त्रालयअन्तर्गतको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले छिमेकी देशका घटनालाई मध्यनजर गर्दै पूर्वतयारीका कदमस्वरूप देशभरका स्वास्थ्य संस्था तथा निकायहरूलाई सतर्क गराइएको र निपाह भाइरसको परीक्षण एल्गोरिदम (अन्तरिम) तयार गरिएको जनाएको छ ।

विश्व स्वास्थ्य सङ्गठनद्वारा विश्वव्यापी तथा दक्षिण-पूर्वी एसिया क्षेत्रीयस्तरमा निपाह भाइरसको जनस्वास्थ्य जोखिम न्यून रहेको मूल्याङ्कन गरे पनि मन्त्रालयले सतर्क रहन आग्रह गरेको जनाएको छ । मन्त्रालयका प्रवक्ता एवं स्वास्थ्य आपत्कालीन तथा विपद् व्यवस्थापन एकाइ प्रमुख डा प्रकाश बुढाथोकीले स्वास्थ्य मन्त्रालय नागरिकहरूको स्वास्थ्य सुरक्षाका लागि पूर्ण रूपमा प्रतिबद्ध रहेको र आवश्यक सबै कदमहरू चालिरहेको जानकारी गराउनुभयो । उहाँले सबैलाई नआत्तिन तर सचेत, सजग र जिम्मेवार बन्न अनुरोध गर्नुभएको छ ।

प्रवक्ता बुढाथोकीले भन्नुभयो, “आत्तिनुपर्ने अवस्था छैन, तर सतर्क रहनुपर्छ । त्यसैले सबैले फलफूल राम्ररी पखालेर मात्र खाने, तरकारी राम्रोसँग पकाएर खाने, सफा र सुरक्षित पानी उमालेर मात्र पिउन आवश्यक छ । जनावरका गोठ तथा फार्म सफा राख्ने, मासु काट्दा पन्जा र मास्क प्रयोग गर्ने, बेला-बेलामा साबुनपानीले हात धुने तथा भीडभाडमा जाँदा मास्क लगाउनेजस्ता जनस्वास्थ्य मापदण्डहरू पालना गर्नुपर्छ ।”

प्रवक्ता डा बुढाथोकीले कुनै शङ्कास्पद लक्षण देखिएमा नजिकको स्वास्थ्य संस्था वा ११११५ मा तुरुन्त सम्पर्क गर्न आग्रह गर्नुभएको छ । चिकित्सकका अनुसार निपाह भाइरस सङ्क्रमित चमेराको र्‍याल, पिसाब वा मलमूत्रले दूषित भएको फलफूल सेवन गर्दा सङ्क्रमण हुनसक्छ । साथै सङ्क्रमित व्यक्तिको रगत, थुक, पिसाब वा नजिकको सम्पर्कबाट तथा चमेराबाट सुँगुर हुँदै पनि मानिसमा सङ्क्रमण सर्न सक्ने डा बुढाथोकीले बताउनुभयो ।

ज्वरो आउने, टाउको दुख्ने, मांसपेशी दुख्ने, खोकी लाग्ने, सास फेर्न गाह्रो हुने, चक्कर लाग्ने, बान्ता हुने तथा गम्भीर अवस्थामा होस हराउनेजस्ता शङ्कास्पद लक्षण देखिएमा बिरामीको शीघ्र पहिचान, ‘आइसोलेसन’, रिपोर्टिङ तथा सङ्क्रमण रोकथाम तथा नियन्त्रण मापदण्ड कडाइका साथ पालना गर्न गराउन पनि स्वास्थ्य मन्त्रालयले सबैसँग अनुरोध गरेको छ ।रासस

## भारतको बजेटबाट नेपालले पर्यटन र व्यापारलगायतमा लाभ लिनसक्छः अध्यक्ष केसी



काठमाण्डु । नेपाल-भारत चेम्बर अफ कमर्स एन्ड इन्डिस्ट्री (निक्की)का अध्यक्ष सुनिल केसीले भारत सरकारले आर्थिक वर्ष २०२६/२७ का लागि ल्याएको बजेटमा भएका व्यवस्थाका कारण नेपालले विभिन्न क्षेत्रमा लाभ लिन सक्ने धारणा राख्नुभएको छ ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले सोमबार आयोजना गरेको अन्तरक्रियामा अध्यक्ष केसीले भारत सरकारले बजेटले कुल ग्रार्हस्थ्य उत्पादनमा सात प्रतिशत वृद्धिको लक्ष्य लिएकाले नेपालका निर्यात उद्योग थप स्थिर र विस्तार हुने बताउनुभयो । उहाँलेब बजेटका कारण नेपालमा उत्पादन, रोजगारी र निर्यात आम्दानीमा सकारात्मक प्रभाव पर्ने बताउनुभयो ।

साथै भारतले आफ्नो सार्वजनिक पुँजीगत खर्च रु १२.२ ट्रिलियनसम्म बढाउनुले पूर्वाधार र लजिस्टिकमा सुधार गर्दै नेपाल-भारत व्यापारलाई थप सहज, सस्तो र प्रतिस्पर्धी बनाउने उहाँको भनाइ छ । उहाँले स्वास्थ्य, पर्यटन, आयुष योजना, शिक्षालगायतका क्षेत्रमा भने दुवै मुलुकले लाभ लिनसक्ने पनि देखिएको उहाँले उल्लेख गर्नुभयो । “भारतको उत्पादन विस्तार र आधुनिकता दुवै देशका लागि अवसर र चुनौती हुन्, बजेटमा भएका व्यवस्थाले नेपालमा उत्पादन भएका वस्तुको आपूर्ति र जनशक्तिका लागि अवसरका ढोका खोल्नेमा हाम्रो विश्वास छ”, उहाँले भन्नुभयो । भारत सरकारले बजेटमा पूर्व-पश्चिम करिडोर र कोस्टल लजिस्टिकमा जोड दिए पनि नेपालको उत्तर-दक्षिण अन्तरआबद्धतालाई विशेष ध्यान नदिएको उहाँको भनाइ थियो । भारतले बजेटमार्फत नेपालतर्फको विकास सहायता एक अर्ब भारुले बढाएर आठ अर्ब भारु पुर्‍याएको उल्लेख गर्दै भारतले लिएको छिमेकी पहिलो नीतिले सार्थकता पाएको उहाँले उल्लेख गर्नुभयो ।

वरिष्ठ चार्टर्ड एकाउन्टेन्ट शेषमणि दाहालले भारत सरकारको बजेटमा भएका व्यवस्थाका कारण नेपालले कृषि, पर्यटन, क्लाउड सेवालगायतका क्षेत्रबाट लाभ लिन सक्नेमा धारणा राख्नुभयो । “भारतले कृषि क्षेत्रमा १।६३ लाख करोड भारु विनियोजन गर्दै प्रविधि र उच्च मूल्यका बालीमा जोड दिएको छ । तर भारतले मलमा अनुदान घटाउँदा मलको खुद्रा मूल्यवृद्धि हुनसक्न सक्छ, नेपालका किसानले अनौपचारिक रुपमा आयात गर्ने युरिया, डिएपी जस्ता मलहरु महँगो भएर किसान खर्च बढाउनसक्छ”, उहाँले भन्नुभयो ।

भारतको कृषिमा हुने प्रविधिको विकासले नेपालमा सस्तो बीउ र आधुनिक कृषि उपकरणको उपलब्धता सहज बनाउन सक्ने उहाँको भनाइ छ । साथै भारतीय किसानले पाउने ठूलो अनुदान र प्रविधिका कारण त्यहाँका उत्पादन सस्तो हुने, जसले गर्दा नेपाली किसानले आफ्नै बजारमा भारतीय उत्पादनसँग प्रतिस्पर्धा गर्न नसक्ने जोखिम पनि रहने उहाँको बुझाइ छ ।

साथै डिजिटल भन्सार प्रक्रियालाई दुई वर्षभित्रमा पूर्ण रुपमा डिजिटल र पेपरलेस बनाउने भारत सरकारको नीतिले सीमा हुने ढिलाइ कम गर्ने र नेपाली आयातकर्ता र निर्यातकर्ता दुवैलाई राहत मिल्ने दाहालले बुझाइ छ । “भारतले बजेटमार्फत सात नयाँ हाई स्पिड रेल करिडोर घोषणा गरेको छ, यसले नेपालसँगको सीमावर्ती व्यापारिक केन्द्रमा लजिस्टिक सहज बनाउनेछ”, उहाँले भन्नुभयो ।

त्यसैगरी भारतले सूचना प्रविधिमा सेफ हार्बर सफ्टवेयर विकासतथाअध्ययनअनुसन्धानमा जोड दिएकाले नेपालको बजारलाई चुनौती बन्न सक्ने दाहालको विश्लेषण छ । भारतले बजेटमार्फत भारतमा रहेका डाटा सेन्टरमार्फत विश्वव्यापी क्लाउड सेवा दिने विदेशी कम्पनीलाई सन् २०४७ सम्म आयकर छुट दिने घोषणाले नेपालबाट दक्ष जनशक्ति पलायन हुने जोखिम बढे पनि नेपाली स्टार्टअपहरुले भारतको सस्तो क्लाउड पूर्वाधार प्रयोग गर्ने अवसर पाउने उहाँको भनाइ थियो ।रासस

## ‘हेभीवेट’ नेताको बिरासतमा नयाँ अनुहार




काठमाण्डु । प्रजातन्त्र पुनःस्थापनापछिका निर्वाचनमा मुलुककै सर्वाधिक चर्चामा रहँदै आएको काठमाडौं निर्वाचन क्षेत्र नं १ मा आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा संसदीय राजनीतिका लागि सबै नयाँ अनुहार चुनावी प्रतिस्पर्धामा छन् ।

विसं २०४६ को राजनीतिक परिवर्तन पछाडि नेपाली कांग्रेसका कार्यवाहक सभापति एवं तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई, नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव मदनकुमार भण्डारी, पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी, कांग्रेस नेता प्रकाशमानसिंह र एमाले नेता प्रदीप नेपाललगायत ‘हेभीवेट’ नेता चुनावी प्रतिस्पर्धामा होमिएको सो निर्वाचन क्षेत्र सधैँ चर्चामा रहँदै आएको छ ।विसं २०४८ मा उक्त निर्वाचन क्षेत्रबाट तत्कालीन प्रधानमन्त्री भट्टराईलाई पराजित गर्दै एमालेका तत्कालीन महासचिव भण्डारी विजयी हुनुभयो । प्रजातन्त्रपछि गठित सरकारका प्रधानमन्त्री नै पराजित भएको विषयको समाचारले राष्ट्रिय तथा अन्तरराष्ट्रियरूपमा ठूलो चर्चा पाएको थियो ।

महासचिव भण्डारीको सडक दुर्घटनामा निधन भएपछि २०५१ सालको उपनिर्वाचनमा उहाँकी धर्मपत्नी विद्यादेवी काँग्रेसका पूर्वकार्यवाहक सभापति भट्टराईलाई पराजित गर्दै विजयी हुनुभयो । राजधानी उपत्यकामा उक्त निर्वाचन क्षेत्रलाई कांग्रेसकै मतदाता बाहुल्यता भएको मानिँदै आएको छ । मुलुकमा प्रजातन्त्र पुनःबहालीपछिका निर्वाचनमा एमालेको बहुल्यता रहेको उक्त निर्वाचन क्षेत्रमा गणतन्त्रपछि भने नेपाली कांग्रेसले आफ्नो पक्कड क्षेत्रकारूपमा कायम राखेको थियो ।

विसं २०५१ मा भएको मध्यावधि निर्वाचनमा एमाले अध्यक्ष मनमोहन अधिकारी सो क्षेत्रबाट विजयी हुनुभयो । त्यसपछि भएको २०५३ उपनिर्वाचनमा भने कांग्रेसका तर्फबाट नारायणप्रसाद ढकालले सफलता पाउनुभयो । विसं २०५६ को संसदीय निर्वाचनमा एमाले नेता प्रदीप नेपाल विजयी हुनुभयो । त्यसपछि २०६४ देखि २०७९ सम्म भएका चार वटा निर्वाचनमा नेपाली कांग्रेसका नेता तथा पूर्वउपप्रधानमन्त्री प्रकाशमान सिंहलाई लगातार विजयी हुनुभयो ।

मुलुकका प्रमुख प्रशासनिक केन्द्र सिंहदरबार, सर्वोच्च न्यायालय, जननिर्वाचित प्रतिनिधिको थलो संसद्, गत भदौको जेनजी आन्दोलनको केन्द्र रहेको निर्वाचन क्षेत्र नं १ मा राजनीतिक दल र स्वतन्त्र गरी २९ जना उम्मेदवार चुनावी मैदानमा हुनुहुन्छ । त्यसमध्ये राजनीतिक दलबाट तीन महिलासहित १६ र एक महिलासहित १३ जना स्वतन्त्र उम्मेदवार रहनुभएको काठमाडौं जिल्ला मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । यसपटक काठमाडौं जिल्लाका १० वटै निर्वाचन क्षेत्रमा राजनीतिक दलका तर्फबाट २४ महिलासहित १६८ तथा २२ महिलासहित ८२ स्वतन्त्र उम्मेदवार हुनुहुन्छ ।

सहायक निर्वाचन अधिकृत भरत घिमिरेका अनुसार ४८ हजार ४८९ मतदाता रहेको उक्त निर्वाचन क्षेत्रमा २२ मतदानस्थल र ५७ वटा मतदान केन्द्र छन् । उक्त निर्वाचन क्षेत्रभित्र काठमाडौं महानगरपालिकाको १०, ११, २९ र ३१ वडा पर्दछन् । बानेश्वरस्थित रत्नराज्य माध्यामिक विद्यालयका रहेको मतदान स्थालमा पाँच वटा मतदान केन्द्रमा चार हजार चार सय चौहत्तर मतदाता रहनुभएको छ ।यस पटकको निर्वाचनमा सो क्षेत्रबाट एमालेका मोहनराज रेग्मी, नेपाली कांग्रेसका प्रबल थापा क्षेत्री, नेपाली कम्युनिष्ट पार्टीका मेनुका भण्डारी, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का रन्जु दर्शना (न्यौपाने), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का रवीन्द्र मिश्रको उम्मेदवारी परेको छ ।

यस्तै जनता समाजवादी पार्टी नेपालबाट प्रकाश नायजु, नेपाल मजदुर किसान पार्टीबाट रमिला ज्याख्व (सुवाल), प्रगतिशील लोकतान्त्रिक पार्टीबाट सविन सिग्देल, श्रम संस्कृति पार्टीका समिर लामा तामाङ, मितेरी पार्टी नेपालबाट राजकुमार लिम्बू, नेपाल कम्युनिष्ट पार्टी (माओवादी)का धनराज शाही, उज्यालो नेपाल पार्टीबाट मङ्गलाल श्रेष्ठ, राष्ट्रिय जनमुक्ति पार्टी, नेपालबाट इन्द्रप्रसाद श्रेष्ठ र नेपाल जनसेवा पार्टीबाट अर्जुनबहादुर शाही चुनावी मैदानमा हुनुहुन्छ ।

समावेशी समाजवादी पार्टीका सुरेन्द्र पाण्डे, जनादेश पार्टी नेपालका कमल सुवेदी, स्वतन्त्र उम्मेदवार कमल कोइराला, राजु भुजेल, शम्भु पोखरेल, सुरेन्द्रप्रसाद ढकाल, सागर जोशी, असिममान सिंह बस्न्यात, किरण शाह, कुमार शाही, राजकुमार बजगाई, शान्ति श्रेष्ठ, कुशल खत्री, सङ्गीत बम्म र रमेशप्रसाद जोशी चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ ।

एमालेका उम्मेदवार मोहनराज रेग्मीले राजनीतिक स्थायित्व दिलाउन, व्यवस्थाको सुदृढीकरण, आन्दोलनमा भएको ठूलो क्षतिको पुनःनिर्माण, अव्यवस्थित बसोबास, खोला किनारा क्षेत्रको संरक्षण, पार्किङको व्यवस्था जस्ता विषय आफ्नो प्राथमिकतामा रहेको बताउनुहुन्छ ।

राप्रपाका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र तेस्रो पटक सो निर्वाचन क्षेत्रबाट चुनाव लड्दै हुनुहुन्छ । “यो पटक मेरो उम्मेदवारीप्रति मतदाताबाट सकारात्मक प्रतिक्रिया पाएको छु, फरक राजनीतिक दर्शन र सिद्धान्त बोकेका मतदाताले पनि भेटघाटको अवसर मिलाइदिनुभएको छ, मतदाताको भावना परिवर्तन गर्नुपर्छ भन्ने छ”, उहाँले भन्नुभयो, “उम्मेदवारले मतदातालाई पुरानो मनोविज्ञानबाट बाहिर निकाल्न पर्ने आवश्यकता देखेको छु ।”

नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार मेनुका भण्डारीले नागरिक आन्दोलनबाट आएकाले जनताको गुनासोलाई प्रतिनिधिसभामा पुर्‍याउने र कार्यान्वयनका लागि दबाव दिने कार्य आफ्नो प्राथमिकतामा पर्ने बताउनुभयो । उहाँले भन्नुभयो, “क्षेत्र नं १ मा मुलुकका सबै जिल्लाका नागरिकको बसोबास रहेको, भौतिक पूर्वाधारको विकास र शैक्षिक ‘हब’ का रूपमा रहेको छ, अब फोहरमैला व्यवस्थापन, ढल र खानेपानीको समस्यालाई समाधान गर्नुपर्छ भन्ने स्थानीयको माग छ ।”

राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार रञ्जु दर्शना (न्यौपाने) समग्र मतदाताको भावना राजनीतिक परिवर्तनसँगै चुनावी घोषणापत्र अध्ययनका आधारमा मत जाहेर गर्ने प्रतिक्रिया प्राप्त भएको बताउनुभयो । उहाँले भन्नुभयो, “संसदीय निर्वाचन भएकाले जनप्रतिनिधिले नीति र विधि बनाउने कार्य जिम्मेवारी हो भन्ने मतदाताले बुझ्नुभएको छ, यस क्षेत्रमा समग्र शान्ति सुरक्षा, व्यवसाय प्रवर्द्धन, सवारी र सडक व्यवस्थापनलगायत समस्या समाधानका लागि काम गर्नेछु ।”

नेपाल मजदुर किसान पार्टीका उम्मेदवार रमिला ज्याख्व आफ्नो पार्टीले राष्ट्रिय स्वाधिनता र किसानको हकहितमा काम गर्दै आइरहेकाले यी नै विषय आफ्नो चुनावी एजेण्डा रहेको स्पष्ट पार्नुभयो । “शैक्षिक योग्यताअनुसार स्वदेशमै रोजगारी हुनुपर्छ । हुल दङ्गाको राजनीति चाहिदैन, अहिले सिद्धान्त र विचारका हिसाबले नेतृत्व गर्ने दलको खाँचो छ”, उहाँले भन्नुभयो ।

स्वतन्त्र उम्मेदवार असिममानसिंह बस्न्यात यसअघिका निर्वाचनमा विजयी भएका सांसद मतदातालाई अप्ठयारो पर्दा निर्वाचन क्षेत्रमा फर्केर नआएको भन्ने गुनासोलाई आफू विजयी भएको खण्डमा त्यसलाई दोहोरिन नदिने प्रतिबद्धता व्यक्त गर्नुभयो । “यो निर्वाचन क्षेत्रमा सबै नयाँ अनुहार छौं, मतदाताले व्यक्तिगत योगदानको पाटोलाई केलाएर हेर्छन्”, उहाँले भन्नुभयो, “स्थानीय भएकाले ‘ यो क्षेत्र मबाट अलग र क्षेत्रसँग म अलग हुन्न’ भन्ने मेरो प्रतिबद्धतालाई मतदाताले स्वागत गर्नुभएको छ ।”

निर्वाचन क्षेत्र नं १ का मुख्य निर्वाचन अधिकृत चुरामन खड्काले उम्मेदवारको मनोनयन पत्र र निर्वाचन चिह्न प्रदानको काम सम्पन्न भइसकेकाले मतदानस्थल र केन्द्रको व्यवस्थापनबारे निरीक्षण र अध्ययनका कार्यअघि बढिरहेको बताउनुभयो ।रासस

## नेपाल आदिवासी ज्ञान सम्मेलन हुने

काठमाण्डु । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले स्थापना भएको २५ वर्ष पूरा भएको अवसरमा रजत जयन्ती मनाउने भएको छ । रजत जयन्तीका अवसर पारेर प्रतिष्ठानले ‘नेपाल आदीवासी ज्ञान सम्मेलन-महोत्सव २०८२’ समेत आयोजना गर्ने घोषणा गरेको छ ।

प्रतिष्ठानले सोमबार आयोजित पत्रकार सम्मेलनमार्फत ‘ज्ञानको आदान-प्रदान, धरोहरको संरक्षण, भविष्यको निर्माण’ भन्ने मूल नाराका साथ रजत जयन्ती मनाउन लागिएको जानकारी दिएको हो । सम्मेलनमा जलवायु परिवर्तन, मानव अधिकार, नीति निर्माण तथा समावेशी विकासका विविध पक्ष समेटिएका छन् ।

उपाध्यक्ष गुरुङले भन्नुभयो, “आदिवासी जनजातिको मौलिक ज्ञान र अनुभवलाई अभिलेखीकरण गर्दै राष्ट्रिय विकाससँग जोड्नु आजको आवश्यकता हो, रजत जयन्ती तथा ज्ञान सम्मेलनले नीति निर्माण तहसम्म प्रभाव पार्ने अपेक्षा गरेका छौं ।” उक्त सम्मेलन तथा महोत्सवकै अवसरमा प्रतिष्ठानका अध्यक्ष एवं प्रधानमन्त्री शुशिला कार्कीको प्रमुख आतिथ्यतामा




प्रतिष्ठान स्थापनादेखि हालसम्म भएका उपलब्धि, चुनौती र भावी कार्यदिशाबारे समेत जानकारी गराइएको थियो ।

पत्रकार सम्मेलनमा प्रतिष्ठानका उपाध्यक्ष रेसम गुरुङले यही माघ २७ गते आदिवासी जनजातिसँग सम्बन्धित १५ विषयगत शीर्षकमा आधारित ८१ अनुसन्धानात्मक कार्यपत्र प्रस्तुत गरिने जानकारी दिनुभयो । उहाँका अनुसार ती कार्यपत्रमा आदिवासी जनजातिको भाषा, संस्कृति, मौलिक ज्ञान प्रणाली, परम्परागत सीप, प्राकृतिक स्रोत व्यवस्थापन, शिक्षा, स्वास्थ्य, रोजगारी, लैङ्गिक समानता, रजत जयन्तीको औपचारिक समापन कार्यक्रम आयोजना गरिने आयोजकले जनाएको छ ।

रजत जयन्ती तथा नेपाल आदिवासी ज्ञान सम्मेलन-महोत्सवमा नेपालका विभिन्न भू-भागका साथै विदेशबाट समेत कम्तीमा ८०० भन्दा बढी आदिवासी जनजाति अभियन्ता, अध्येता, विद्वान् व्यक्तित्व, अनुसन्धानकर्ता, युवा तथा विद्यार्थीको सहभागिता रहने अपेक्षा गरिएको छ ।

सहभागीहरूले आदिवासी जनजातिका सवालमा अनुभव आदान-प्रदान गर्ने, बहस तथा संवादमार्फत साझा निष्कर्ष निकाल्ने अवसर पाउने आयोजकको विश्वास छ ।रासस

## स्वास्थ्य बीमा कार्यक्रमलाई आवश्यक सुधार गर्न आग्रह

काठमाण्डु । स्वास्थ्य बीमा कार्यक्रमलाई आवश्यक सुधार गरेर लानुपर्ने सांसद रेणु चन्दले माग गर्नुभएको छ ।

सङ्घीय संसद् राष्ट्रिय सभाको सोमबारको बैठकमा उहाँले नागरिकको पहुँचमा पुगेको स्वास्थ्य बीमा कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन हुन नसकेको बताउँदै विभिन्न अस्पतालमा भुक्तानीको समस्याले बीमा कार्यक्रम बन्द हुँदा यसबाट सेवा लिने बिरामी मार परेको बताउनुभयो ।उहाँले भन्नुभयो, “राज्यप्रति नागरिकको भरोसा कायम गर्न तत्काल आवश्यक सुधार गरेर अस्पतालाई रकम भुक्तानी सुचारु गर्न अनुरोध गर्दछु ।”सांसद श्रीकृष्णप्रसाद अधिकारीले केही दिनयता काठमाडौंलगायत उपत्यकाबाहिर शृङ्खलाबद्ध रूपमा चोरी, लुटपाट, हत्या, अनलाइन ठगीका घटनाहरू बढ्दै गरेकाले सर्वसाधारण आतङ्कित बनेको बताउनुभयो ।


यसैगरी शून्य समयमा आफ्ना धारणा राख्दै सांसद विष्णुकुमारी सापकोटाले जेनजी आन्दोलनपछिको अन्योलबीच देशको निर्माण र ऊर्जा क्षेत्र प्रभावित बनेको बताउनुभयो । उहाँले भन्नुभयो, “निर्वाचन आचारसंहिता र निर्णयका कारण आयोजना रोकिँदा निर्माण व्यवसायी, मजदुर, लगानीकर्ता समस्यामा परेका छन् । रोकिनुपर्ने र चल्नुपर्ने आयोजनाको निर्णय कसले लिने ? आयोजनाको छानबिन कसले गरिरहेको छ ? यसबारे जान्न चाहन्छु ।”



सांसद किरणबाबु श्रेष्ठले नेपाल अन्तरराष्ट्रिय निकाय (फाइनान्सियल एक्सन टास्कफोर्स-एफएटिएफ) को ‘ग्रे लिष्ट’ मा परेको १ वर्ष बितिसक्दा पनि एफएटिएफले नेपाललाई सुधार गर्नुपर्ने भनी औँल्याएका विषयहरू कार्यान्वयन गर्न प्रयास अपर्याप्त देखिएको भन्दै यसबारे जानकारी गराउन अनुरोध गर्नुभयो ।

सांसद पदमबहादुर परियारले आगामी फागुन २१ गते हुन गइरहेको निर्वाचनमा ३० जनाभन्दा बढी सङ्घीय तथा प्रदेशसभाका सांसद एवम् स्थानीय तहका प्रमुखहरूले आफ्नो कार्यकाल सकिनुभन्दा अगाडि नै राजीनामा दिएर निर्वाचनमा होमिनेहरूले जनतासामु गरेका वाचा र शपथ बिर्सिएको आरोप लगाउनुभयो । उहाँले संसदीय अभ्यासलाई मर्यादित बनाउन संविधान र अरु निर्वाचनको कानुन संशोधन गर्न माग गर्नुभयो ।

सांसद रुक्मिणी कोइरालाले महिला हिंसा केवल कानुनी मुद्दा मात्र नभई गम्भीर सामाजिक अपराध भएको बताउँदै पीडित महिलाहरूका लागि बनेका कानुन कार्यान्वयनमा जोड दिनुपर्ने बताउनुभयो ।यसैगरी सांसद विष्णुदेवी पुडासैनी अघिल्लो सरकारले छुट्याएको योजनाहरू र छनोट गरेका बजेट आजसम्म पनि नभएको भन्दै असारे विकासले गर्दा जनतालाई सास्ती हुने र बजेट पनि नोक्सान हुने बताउनुभयो ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# एमाले प्रति आक्रोश फैलिने सम्भावना

प्रतिनिधि सभा चुनावको प्रचारप्रसारमा उम्मेदवार र दलका नेता, कार्यकर्ताहरुले सक्रियता बढाउन थालेका छन् । चुनावमा साना ठूला समेत सय बढी दलहरु सहभागी भएका छन् । हरेक क्षेत्रमा अनेक दल र स्वतन्त्र उम्मेदवारहरुले प्रतिस्पर्धा गरिरहेका छन् । चुनावको वातावरण बनिसकेको छ । बिहानदेखि बेलुकासम्म नै उम्मेदवारहरु घरदैलो गरेको देखिन्छ ।चुनावको प्रचार प्रसार चलिरहेको समयमा पनि नेता, कार्यकर्ताहरुले दल परिवर्तन गर्ने क्रम रोकिएको छैन् ।एउटा दल त्याग गरी अर्को दलमा प्रवेश गर्नेहरुको चुनावमा बहुत महत्व रहने गरेको छ । चुनावमा दल परिवर्तन गराउन उम्मेदवारहरु अत्यन्त सक्रियतापूर्वक लाग्छन् । प्रतिस्पर्धी दलमा रहेका भोट होल्ड गर्नेहरुलाई तान्न उम्मेदवारहरुले सबै प्रकारको छलबल देखाउने गर्छन् । एउटा कथन छ, चुनावमा १ मतले पनि विजयी हुनेको महत्व हुन्छ । जेनजी आन्दोलनको तापमा भइरहेको प्रतिनिधि सभाको चुनावमा एमाले प्रति आक्रोश देखिन्छ । पर्सा जिल्लाको निर्वाचन क्षेत्र नम्बर १ का उम्मेदवार प्रदीप यादवलाई आफ्नै क्षेत्रमा कार्यक्रम गर्न युवाहरुले अवरोध गरे । स्थानीयहरुका अनुसार उनीहरु जेनजी थिए । यादव ओली सरकारमा मन्त्री थिए । सरकार विघटन भएपछि उनी जनता समाजवादी पार्टी(जसपा )नेपालमा प्रवेश गरे । तर उम्मेदवारी दर्ताको अघिल्लो दिन फेरी एमालेमा प्रवेश गरी मनोनयन दर्ता गराए । उनी यसअघि जसपा नेपालको टिकटमा निर्वाचित भएका थिए । पर्सा जिल्लामा राम्रो पकड भएका नेताहरुमा गनिने यादवलाई आफ्नै क्षेत्रमा समेत कार्यक्रम गर्न अवरोध भएपछि एमाले प्रति जनआक्रोश रहेको स्थानीयहरुको कथन छ। एमालेबाट उम्मेदवार भएकै कारण यादवलाई लखेटिएको स्थानीय बुद्धिजीविहरु बताउँछन् । उनीहरुका अनुसार एमाले प्रतिको आक्रोश चुनाव नजिकिदै गएसँगै बढन सक्छ । प्रतिनिधि सभाको चुनावमा एमालेलाई हरहालतमा आउन नदिने पक्ष सबल रुपमा सक्रिय छ। एमालेका उम्मेदवारहरुले गर्ने कार्यक्रमहरु बिथोल्नु लोकतान्त्रिक प्रक्रिया होइन् । तर जनता नै आक्रोशित भएपछि कसैको केही लाग्ने छैन् । भदौ २३ र २४ गतेको जेनजी आन्दोलनले एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारलाई ढाल्दै प्रतिनिधि सभा समेत विघटन गराए । देशको संविधान र कानुन पनि जनताको अगाडि निरीह भएको घटना हालै सबैले देखेकै छ । तर लोकतान्त्रिक विधि अनुसार एमालेका नेताहरुलाई सरकारले सुरक्षाको प्रत्याभूति दिनुपर्छ । चुनावको क्रममा एमालेका नेताहरुमाथि कुनै प्रकारको भौतिक आक्रमण हुननदिन सुरक्षा निकाय सचेत रहनु पर्छ। एमाले प्रतिको जनआक्रोश छिपेको छैन् । पर्सा जिल्लाको नगवामा भएको घटना अन्य क्षेत्रहरुमा हुन नदिन सुरक्षा निकायले विशेष सतर्कता अपनाउनु पर्छ । चुनावमा सबै दलका उम्मेदवारहरु निर्वाध रुपमा जनता समक्ष पुग्न पाउनु पर्छ । मतदाताले फागुन २१ गते निर्णय नै सबैका लागि मान्य र अन्तिम हुनेछ ।

# आम चुनाव सामाजिक सञ्जाल र सामाजिक प्रभावहरू



डा.केदार कार्की

सामाजिक सञ्जाल र डिजिटल प्लेटफर्महरूले नेपालमा आम चुनाव प्रचारप्रसारमा क्रान्तिकारी परिवर्तन ल्याएको छ, विशुद्ध परम्परागत, व्यक्तिगत ऱ्यालीहरूबाट हाइब्रिड मोडेलमा सरेका छन् जहाँ फेसबुक, युट्युब, टिकटक र इन्स्टाग्रामले केन्द्रीय भूमिका खेल्छन्। मे २०२४ सम्ममा १ करोड ५० लाखभन्दा बढी, वा लगभग ४९.६% जनसंख्या अनलाइन भएकोले, सामाजिक सञ्जाल राजनीतिक विचारहरूलाई आकार दिन, मतदाताहरूलाई लक्षित गर्न र चुनावी कथाहरू व्यवस्थापन गर्न एक महत्वपूर्ण युद्धभूमि बनेको छ।

आजको डिजिटल युगमा सामाजिक संजाल केवल मनोरञ्जनको माध्यम मात्र होइन, राजनीति, समाज, व्यवसाय र व्यक्तिगत जीवनको निर्णायक अंग बनेको छ। फेसबुक, इन्स्टाग्राम, ट्विटर, टिकटकजस्ता प्लेटफर्महरूले राजनीतिक सहभागिता, जनमत निर्माण र निर्णय प्रक्रियामा अप्रत्यक्ष प्रभाव पारिरहेका छन्। यसले नागरिक र सरकारबीच प्रत्यक्ष संवादको मार्ग खोल्दैछ र राजनीतिक निर्णयमा अप्रत्यक्ष प्रभाव पुऱ्याउँछ।

सामाजिक संजालले व्यक्तिगत जीवनमा पनि ठूला परिवर्तन ल्याएको छ। हामी अहिले प्रत्येक व्यक्तिको हातमा स्मार्टफोन देख्छौं। सानो बालकदेखि वृद्धसम्म सबैले फेसबुक, टिकटक, इन्स्टाग्राम जस्ता प्लेटफर्म प्रयोग गर्दै छन्। मानिसहरूले आफ्नो हरेक गतिविधि पोष्ट गर्ने गरेका छन्। यस डिजिटल प्लेटफर्ममा सबैले एक अर्काको गतिविधि नियाल्न र बुझ्न पाउँछन्।

राजनीतिक उदाहरणहरूमा, काठमाडौंका मेयर बलेन शाह पेशाले इन्जिनियर र र्यापर भए पनि सामाजिक संजालको सहयोगले स्वतन्त्र रूपमा चुनाव जिते। संयुक्त राज्य अमेरिका, न्यूयोर्क सहरका मेयर जोर्डन ममदानि पनि पेशाले र्यापर भए तापनि सामाजिक संजालमार्फत आफ्नो उम्मेदवारी प्रचार गरेर विजयी भए। दुइ फरक देश र फरक सहरका मेयर हरु पेशा तथा लोकप्रियताका हिसाबले र्यापर भएर समाजमा परिचित भएपनि राजनीतिक क्षेत्रमा लाग्दै गर्दा उनीहरु दुबैले सामाजिक संजाल बाट भरपुर साथ र सहयोग पाए या त भनौ सामाजिक संजाल नै उनीहरुको जनता सम्म जोडिने माध्यम भयो ।

सन् २००८ मा अमेरिकी राष्ट्रपतिको निर्वाचनमा बाराक ओबामाले फराकिलो अन्तरले जितेपछि बेलायती पत्रिका द गार्डियनले लेखेको थियो, 'ओबामाको जितको अर्थ हो, भविष्यका चुनावहरू अनलाइनमा लडिनेछन्।' ओबामाले सामाजिक सञ्जाल फेसबूक र यूट्युब मार्फत युवा जमातको विचार निर्माणलाई प्रभावित गर्दै चन्दा सङ्कलन, प्रभावकारी चुनावी अभियान सञ्चालन र अन्ततः अनुभवी राजनीतिज्ञ जोन म्याकेनमाथिको जितलाई हेरेर गार्डियनले यस्तो निष्कर्ष निकालेको थियो।भयो पनि त्यस्तै, संसारभरि बढ्दो इन्टरनेट पहुँच र सामाजिक सञ्जालको लोकप्रियताका कारण यो थलो निर्वाचनको परिणामलाई प्रभावित पार्ने मुख्य अस्त्र बन्न पुग्यो। त्यसको प्रभाव गरीब देशहरूमा पनि तीव्र फैलिइसकेको छ।निर्वाचनमा असीम शक्तिका रूपमा सामाजिक सञ्जालले मतदाताको विचार निर्माण र मतदानको निर्णय प्रक्रियामा हस्तक्षेप गर्छ। यसको जबर्जस्त उदाहरण हो, संसारको सबैभन्दा ठूलो लोकतन्त्र भारतका निर्वाचनहरूलाई सामाजिक र सन्देशका सञ्जालहरूले पारेको प्रभाव।

अमेरिकामा राष्ट्रपति डोनाल्ड ट्रम्पको उदयका पछाडि नश्लभेदी मतदातालाई सामाजिक सञ्जाल मार्फत एकीकृत गरी श्वेत सर्वोच्चता एवं रूढिवादी समूहको मनस्थिति मोडेर आफूतिर तान्न अनेकौं हतकण्डा प्रयोग गरेको खुलेको थियो। मतदातालाई प्रभावित पार्न फिलिपिन्सका राष्ट्रपति रोड्रिगो दुतेर्तेको फेसबूकको प्रयोगदेखि ब्राजिलका राष्ट्रपति जाइर बोल्सोनारोको ह्वाट्सएप अभियानसम्म सबैले देखाउने कुरा हुन्, घृणा र उत्तेजनाको विचार फैलाउन, जनमत प्रभाव पार्ने राजनीतिक सञ्चार र निर्वाचन अभियान सञ्चालनका लागि सामाजिक सञ्जालहरूले परम्परागत माध्यमलाई धेरै पछाडि छोडेका छन्, र मतदाताको विचार निर्माण र निर्णय प्रक्रियामा गहिरो प्रभाव पारिरहेका छन्।

के छिमेक सहित अन्य देशका निर्वाचनमा सामाजिक सञ्जालले पारेको गहिरो असर जस्तै नेपालका निर्वाचनमा पनि यसको सामर्थ्य र प्रभाव देखिन्छ? मतदाताको विचारलाई प्रभाव पार्न अरू नै परम्परागत र स्थानीय कारणहरू प्रधान भएकाले नेपालमा सामाजिक सञ्जाल मुख्य निर्धारक होइन, तर बितेका चुनावहरूले सामाजिक सञ्जालको बढ्दो प्रभावको सङ्केत गर्छन्।

२०७० सालको निर्वाचनमा राजनीतिक दलहरूले पहिलो पटक सामाजिक सञ्जाललाई चुनाव प्रचार अभियानको माध्यम बनाए पनि यसको वजन प्रभावशाली रूपमा देखिएको थिएन। कुल जनसङ्ख्याको एक चौथाइमा मात्रै इन्टरनेट पहुँच पुगेको त्यस वेला स्मार्टफोनमा थ्रीजी र फोरजी भनिने इन्टरनेट क्रान्ति शुरू भइसकेकै थिएन। त्यसैले डिजिटल चुनावी अभियानको प्रभाव लोकप्रिय बनेको थिएन, न त राजनीतिक दलहरूले नै यसको सामर्थ्यको अन्दाज लगाएका थिए।

तर, त्यसको चार वर्षपछिको निर्वाचनमा आइपुग्दा स्थिति बदलिइसकेको थियो। इन्टरनेट र स्मार्टफोनको बढ्दो प्रयोग देखेका दलहरूले २०७४ सालको स्थानीय, प्रदेश र प्रतिनिधि सभा निर्वाचनमा भने सामाजिक सञ्जाललाई आक्रामक चुनावी प्रचार अभियानको हिस्सा बनाए। भाषण र आमसभाको फेसबूक लाइभ, यूट्युबमा चुनावी गीत र प्रचार सामग्री तथा फेसबूक र ट्वीटर मार्फत प्रचारप्रसार गर्न दल सम्बद्ध कार्यकर्ता मार्फत अभियान नै चलाइएको थियो।

विपक्षीलाई अतिरञ्जित ढङ्गमा प्रहार गर्न वा प्रोपागान्डा गरेर मतदाताको विचार निर्माणमा नियन्त्रण गर्न सामाजिक सञ्जालको दुरुपयोग भएको पहिलो अभ्यास पनि यसै वेला देखिएको थियो। यद्यपि, त्यस्ता रणनीतिक अभियानको प्रभाव मतदातामा कति गहिरोसँग पऱ्यो भन्ने अनुमान गर्न सजिलो छैन। तर, बितेका पाँच वर्षमा इन्टरनेटमा पहुँच बढ्नुका साथै सामाजिक सञ्जालको प्रयोगको स्थितिमा ठूलो बदलाव आएको छ, जसले गर्दा कार्यकर्ता र मतदातासम्म पुग्न सामाजिक सञ्जालको प्रयोग अब ऐच्छिक होइन, अनिवार्य बनेको छ।

दलहरूले स्थानीय स्तरमा आमसभा सहितका कार्यक्रम गरिरहे पनि ती सबैलाई ठूलो समुदायमा पुऱ्याउने काम सामाजिक सञ्जालहरूले गरिरहेका छन्। सामाजिक सञ्जालमा सक्रिय राजनीतिक दल सम्बद्ध पेजहरूबाट चुनाव लक्षित अक्षर, अडियो-भिडिओ सामग्रीको प्रचार बढेको छ। यस्ता अधिकांश सामग्री कतिपय आफ्ना दल र नेताका तारीफ गर्न लक्षित छन् भने कतिपय विपक्षीमाथि प्रहार गर्ने प्रोपागान्डा र भ्रामक तथा मिथ्या सूचना पनि मिसिएका छन्।

भारतीय चुनावी राजनीतिका चतुर रणनीतिकार मानिन्छन्, प्रशान्त किशोर। पछिल्लो एक दशकयता उनी र उनको संस्था इन्डियन पोलिटिकल एक्सन कमिटी (आईप्याक) ले धेरै चुनावमा चुनावी रणनीति सञ्चालन गरेका छन्, जसमध्ये अधिकांश निर्वाचनमा विजय हासिल भएको दाबी गरिएको छ। तथ्याङ्क सङ्कलन गर्ने र त्यसलाई बुझेर चुनावी रणनीति बनाउने उनको शैलीले परिणाम ल्याएको दाबी गर्छन्। तर, नेपालमा चुनाव प्रचारका लागि जति नै सामाजिक सञ्जाल प्रयोग गरिए पनि तथ्याङ्क सङ्कलन गरी विश्लेषण र डिजिटल चुनावी अभियान सञ्चालन गर्ने ठूला व्यावसायिक संस्थाको संलग्नता हालसम्म देखिएको छैन।

नेपालमा राजनीतिक अभियानका लागि फेसबुक सबैभन्दा धेरै प्रयोग हुने प्लेटफर्म हो, जहाँ लाखौं प्रयोगकर्ताहरू छन्। भिडियो-आधारित सामग्रीको लागि यूट्यूब र टिकटा'क अत्यधिक प्रयोग गरिन्छ, जबकि इंस्टाग्राम रील्स र ट्विटर छोटो-रूप, द्रुत-गतिको संलग्नताको लागि प्रयोग गरिन्छ।

उम्मेदवारहरूले मतदाताहरूसम्म पुग्न भौगोलिक र व्यवहारिक लक्ष्यीकरणको बढ्दो प्रयोग गरिरहेका छन्। यसमा शहरी र ग्रामीण जनसांख्यिकीयको विशिष्ट चिन्ताहरूसँग राजनीतिक एजेन्डाहरू मिलाउन भावना डेटाको विश्लेषण समावेश छ।

२०२२ को चुनाव र त्यसपछिका राजनीतिक आन्दोलनहरू (२०२५ को विरोध सहित) ले युवा, प्रविधि-प्रेमी मतदाताहरूको शक्ति प्रदर्शन गरे। २०२६ को सर्वेक्षणमा लगभग ६०% मतदाताहरूले नयाँ दलहरूको लागि प्राथमिकता संकेत गरे, जुन प्रायः सामाजिक सञ्जाल अभियानहरूबाट प्रेरित थिए।

विदेशमा रहेका नेपाली कामदारहरूले महत्त्वपूर्ण प्रभाव पारिरहेका छन्, राजनीतिको बारेमा छलफल गर्न र राष्ट्रिय स्वतन्त्र पार्टी (च्कए) जस्ता विशिष्ट उम्मेदवार हरूलाई मतदान गर्न घर फर्केका परिवारहरूलाई दबाब दिन सामाजिक सञ्जाल प्रयोग गर्दै।

रूटीन अ'फ़ नेपाल बन्द लाखौं अनुयायीहरू सहित नेपालमा एक प्रमुख डिजिटल प्रभावकारको रूपमा काम गर्दछ। राजनीतिक एजेन्डालाई आकार दिन र कथा सेट गर्न यसको भूमिकाले उम्मेदवारहरूलाई यसको पहुँचलाई बढावा दिन महत्त्वपूर्ण बनाएको छ।

> **सत्यभन्दा अर्धसत्य र झूट छिटो फैलिने गर्छन् । मिथ्या सूचना र षड्यन्त्रका अफवाहलाई तीव्र गतिमा फैलाउन सामाजिक सञ्जालको प्रयोग हुने गरेको छ । त्यसैले इन्टरनेटमा आम सर्वसाधारणको पहुँचमा वृद्धिको सकारात्मक पाटो मात्र छैन, अफवाह, झूट र भ्रामक सूचनाको जोखिमबाट जोगिनुपर्ने चुनौती पनि छ । भ्रामक र मिथ्या सूचना सङ्गठित रूपमै प्रचारको बढी जोखिम त्यस्तो समाजमा हुन्छ, जहाँ राजनीतिक आधारमा समाज बढी ध्रुवीकृत हुन्छ । नेपाली समाजमा पनि दलका आधारमा ध्रुवीकरण बढ्दो छ ।**

३९% मतदाताहरू समाचारको लागि सामाजिक सञ्जालमा भर पर्छन्, तर केवल १२.६% ले मात्र यसमा पूर्ण रूपमा विश्वास गर्छन्, जसले गर्दा यो प्रचारको लागि बढी कमजोर र आलोचनाको लागि खुला छ।२०२२ को चुनावमा उम्मेदवारहरूलाई लक्षित गर्न प्रयोग गरिने छविहरू र सन्दर्भ बाहिरका भिडियोहरूमा वृद्धि देखिएको थियो, विशेष गरी फेसबुक र युट्युबमा।केही अभियानहरूले लाइक र फलोअरहरू किन्न र नक्कली खाताहरू सिर्जना गर्न तेस्रो-पक्ष सेवाहरू प्रयोग गरे, जसले समर्थनको गलत भावना सिर्जना गऱ्यो। अनलाइन उत्पीडन र ट्रोलिङ सामान्य भएको छ, विशेष गरी महिला र ट्रान्सजेन्डर उम्मेदवारहरूलाई उनीहरूको विश्वसनीयतालाई कमजोर पार्न लक्षित गर्दै।

सत्यभन्दा अर्धसत्य र झूट छिटो फैलिने गर्छन्। मिथ्या सूचना र षड्यन्त्रका अफवाहलाई तीव्र गतिमा फैलाउन सामाजिक सञ्जालको प्रयोग हुने गरेको छ। त्यसैले इन्टरनेटमा आम सर्वसाधारणको पहुँचमा वृद्धिको सकारात्मक पाटो मात्र छैन, अफवाह, झूट र भ्रामक सूचनाको जोखिमबाट जोगिनुपर्ने चुनौती पनि छ। भ्रामक र मिथ्या सूचना सङ्गठित रूपमै प्रचारको बढी जोखिम त्यस्तो समाजमा हुन्छ, जहाँ राजनीतिक आधारमा समाज बढी ध्रुवीकृत हुन्छ। नेपाली समाजमा पनि दलका आधारमा ध्रुवीकरण बढ्दो छ।

पछिल्ला दिनहरुमा सामाजिक सञ्जाल हेर्दा लाग्छ, नेपालको आसन्न प्रतिनिधि सभा निर्वाचन निर्वाचन आयोगले होइन, सामाजिक सञ्जालका प्रयोगकर्ताहरुले गर्दैछन । आफ्ना दल तथा समर्थकको बढाईचढाई प्रशंसा गर्ने र विपक्षी दल तथा समर्थकको खोइरो खन्ने प्रबृत्तिले सामाजिक सञ्जाल फोहोर देखिएको छ । यसबाट निर्वाचन आचार संहिता, गोपनियता तथा विश्वसनियताका कुराहरु हराएका छन् । निर्वाचन गोप्य हुन्छ र हुनुपर्छ, मतदान कार्यमा नागरिकले आफ्नो विवेक प्रयोग गर्न पाउनुपर्छ । आफुलाई मन परेको व्यक्ति र दललाई मत दिनु आम नागरिकको अधिकार हो । उम्मेदवारी दर्ता सकिएलगत्तै प्रचार प्रसार शुरु भइसकेको छ । यसमा सबै दलका कार्यकर्ताहरु उत्तिकै सक्रिय भएर लागेका छन् । तपाई यसपटक कसलाई भोट दिनुहुन्छ ?, त्यो क्षेत्रमा त यो उठेको छ नि, उ राम्रो हो नि, फलानोले जितेमा यस्तो हुन्छ, विकासको मुल फुट्छ, यस्तो हुन्छ, उस्तो हुन्छ भन्दै बाटो नै छेकेर आम सर्वसाधारणलाई अतेरपतेर पार्ने कार्य शुरु भइसकेको छ । यतिमात्र होइन, हुँदै नभएका कुरा, कसैले बोल्दै नबोलेका कुरालाई यस्तो र उस्तो भन्यो भनि चरित्र हत्या गर्ने गतिविधि पनि देखिएका छन् । आफ्ना नजिकका र आफु निकटका दल तथा उम्मेदवारको बढाई चढाई गरि प्रचार गर्ने र विरोधी उम्मेदवार वा दलको अनेक कुरा बनाएर छताछुल्ल पारि भ्रम छर्ने प्रबृत्ति बढेर गएको छ । यी र यस्ता कार्यमा पछिल्लो समय फस्टाएको युट्युव च्यानल, व्यक्तिगत साइटहरु, फेसबुस तथा अन्य सामाजिक सञ्जालहरु बढि सक्रिय देखिएको छ । यी र यस्ता गतिविधिले हामीले स्वच्छ, भनेर मान्दै आएको निर्वाचन प्रणाली कसरी विश्वसनीय हुन्छ भनेर मान्ने ? गम्भिर प्रश्न उब्जिएको छ ।

अफवाह परम्परागत आम सञ्चारका माध्यम मार्फत पनि नफैलिने होइन, तर डिजिटल माध्यमको प्रयोगले मिथ्या सूचनाको दुष्प्रचार गर्न सहज बनाउँछ। परम्परागत आम सञ्चार माध्यममा निश्चित तहको परीक्षण र सम्पादकीय चरणपछि मात्रै सूचना प्रवाह हुन्छ, जबकि सामाजिक सञ्जालमा त्यस्तो प्रक्रिया पूरा गर्नुनपर्ने भएकाले भ्रामक सूचना र अप्रमाणित तथ्य फैलिने जोखिम हुन्छ।

सामाजिक सञ्जाललाई प्रोपागान्डा फैलाउने हतियारका रूपमा प्रयोग गर्दा त्यसले लोकतान्त्रिक र उदार समाजको मान्यतामाथि नै घात गर्ने डर हुन्छ। खास गरी सङ्गठित रूपमा विपक्षीमाथि खनिने वा मिथ्या सूचना फैलाउने अभ्यासले फरक विचारलाई निषेध गर्नेछ। प्रकारान्तरले त्यस्तो अभ्यास लोकतान्त्रिक उदार प्रणालीकै लागि घातक हुनजान्छ। उनी मिडिया साक्षरता नै कमजोर भएकाले यस्तो जोखिम अझ बढेको देख्छन्।

हुन त, सामाजिक सञ्जालमा आउने कुनै पनि सामग्री मिथ्या र भ्रामक हो कि होइन भनेर ठम्याउन सजिलो हुँदैन। ती सामग्रीमा राखिएका भनाइ, तथ्याङ्क, स्रोत, तस्वीर आदि ठीक छ वा छैन भनी छुट्याउन पाठक, दर्शक वा श्रोता आफैंले विचार गर्नुपर्ने छन।

नामै नसुनिएका अविश्वसनीय अनलाइन पोर्टलमा आएका सामग्री, सनसनीपूर्ण बनाइएका समाचार शीर्षक र तस्वीर, नामै नसुनिएका स्रोतको प्रयोग भएका सामग्रीमा विश्वास गर्नुअघि सोच्नुपर्ने उनको तर्क छ। "इन्टरनेटमा आउने कुनै कुरालाई तत्काल पत्याइहाल्नु वा शेयर गरिहाल्नु हुँदैन, ती सामग्रीको मूल स्रोत र सत्यतथ्य खोजेर मात्रै शेयर गरे पनि भ्रामक र मिथ्या सूचना फैलिन धेरै हदसम्म रोकिन्छ।

नेपालको निर्वाचन आयोगले दुरुपयोग नियन्त्रण गर्न कडा दिशानिर्देशहरू लागू गरेको छ, जस्तै "निर्वाचन व्यवस्थापनमा सामाजिक सञ्जालको प्रयोग सम्बन्धी नीति, २०२०," जुन पछि अद्यावधिक गरिएको थियो जसले गलत सूचना, नक्कली खाताहरू र घृणायुक्त भाषण रोक्न सामाजिक सञ्जाल प्लेटफर्महरूलाई सरकारमा दर्ता गर्न आवश्यक बनाउँछ। आगामी चुनावहरूले विचारधारामा मात्र नभई आर्थिक मुद्दाहरू (मुद्रास्फीति, रोजगारी) मा बढी केन्द्रित हुने अपेक्षा गरिएको छ। सामग्रीको तीव्र प्रसारको अर्थ निर्वाचन आयोगले अनुगमन चुनौतीहरूको सामना गर्नुपरेको छ, विशेष गरी एआई-उत्पन्न सामग्रीको वृद्धिसँगै। संगठित गर्न प्रयोग गरिने डिजिटल सक्रियता र डिस्कर्ड राजनीतिक प्रक्रियामा झन् लोकप्रिय हुँदै गइरहेका छन्।

सारांशमा, सामाजिक सञ्जाल नेपाली राजनीति र समाजको अभिन्न अंग बनेको छ। यसको विवेकपूर्ण प्रयोगले लोकतन्त्रलाई बलियो बनाउन सक्छ भने यसको दुरुपयोगले लोकतान्त्रिक मूल्यमान्यतालाई कमजोर बनाउन सक्छ।सामाजिक संजाल आवश्यक छ र यसको जिम्मेवार प्रयोगले लोकतान्त्रिक सहभागिता, सूचना आदान-प्रदान र रोजगारका अवसरहरू सिर्जना गर्न सक्छ। तर अत्यधिक प्रयोग, अनुचित प्रभाव र राजनीतिक असन्तुलनले समाजको संरचना, संवैधानिक मर्म र लोकतन्त्रमा गम्भीर चुनौती प्रस्तुत गर्न सक्छ।

# सर्लाही ४: प्रधानमन्त्रीको सपना र मतदाताको यथार्थ




प्रत्युश कुमार झा

प्रत्येक चुनावमा चुनावी परिचर्चामा त्यति चर्चित नरहने निर्वाचन क्षेत्र सर्लाही ४ यसपालि भने राष्ट्रिय राजनीतिको केन्द्रबिन्दु बनेको छ। विगतका निर्वाचनहरूमा यो क्षेत्र सामान्य राजनीतिक प्रतिस्पर्धाको घेराभित्र सीमित रहन्थ्यो। तर यसपटक नेपाली कांग्रेसको विशेष अधिवेशनबाट नवनिर्वाचित सभापति तथा प्रधानमन्त्री पदका दावेदार गगन कुमार थापा यही क्षेत्रबाट चुनावी मैदानमा उत्रिएसँगै सर्लाही ४ अचानक राष्ट्रिय बहसको विषय बनेको छ।

सर्लाही जिल्लाका चारवटै निर्वाचन क्षेत्रमध्ये सबैभन्दा बढी, जम्मा ३९ जनाको उम्मेदवारी परेको यो क्षेत्र अहिले राजनीतिक विश्लेषकदेखि सामाजिक सञ्जाल प्रयोगकर्तासम्मको चासोमा छ। किनभने यो चुनाव केवल सांसद चयनको प्रश्न होइन, सम्भावित प्रधानमन्त्रीको राजनीतिक भविष्यसँग जोडिएको छ। सर्लाही ४ का मतदाताले गगन थापालाई विजयी गराए भने उनी प्रधानमन्त्रीको दौडमा अझ बलियो रूपमा अघि बढ्नेछन्। हार भएमा भने त्यो सपना कम्तीमा यस कार्यकालका लागि स्थगित हुनेछ। यस अर्थमा, एउटा स्थानीय निर्वाचन क्षेत्रले राष्ट्रिय राजनीतिलाई दिशा दिने स्थिति बनेको छ।

तर यही भीडभाड, चर्चा र राजनीतिक महत्वाकांक्षाबीच सर्लाही ४ को यथार्थ भने सधैंझैं ओझेलमै छ। यो क्षेत्र अचानक चर्चामा आएको होइन, यहाँको जीवन अचानक सजिलो भएको पनि होइन। केवल एक "ठूलो नाम" प्रवेश गरेपछि मात्र यस क्षेत्रको चर्चा हुनु आफैंमा प्रश्नयोग्य छ।

यसै निर्वाचन क्षेत्रमा पछिल्ला चुनावहरूमा विजयी हुँदै आएका राष्ट्रिय स्वतन्त्र पार्टीका नेता डा. अमरेश कुमार सिंह पनि पुनः मैदानमा छन्। "अब कि बार बालेन सरकार" भन्ने नारा का साथ काठमाडौं महानगरका पुर्व नगरप्रमुख तथा राष्ट्रिय स्वतन्त्र पार्टिका वरिष्ठ नेता बालेन्द्र शाह (बालेन) लाई प्रधानमन्त्री बनाइछाड्ने, नत्र आत्मदाह गर्ने जस्ता अतिवादी घोषणाले उनले यो निर्वाचनलाई अझ सनसनीपूर्ण बनाएका छन्। परिणामतः सर्लाही ४ मा यसपटक उम्मेदवारहरू होइन, प्रधानमन्त्रीका दावेदारहरूबीच प्रतिस्पर्धा भइरहेको जस्तो देखिन्छ।





तर यो राजनीतिक परिदृश्यभन्दा बाहिर निस्केर हेर्दा, सर्लाही ४ का आम जनमानसको जीवन भने अत्यन्त सामान्य, कठिन र पीडादायी छ। यहाँका नागरिकका लागि को प्रधानमन्त्री बन्छ भन्ने प्रश्न "कागलाई बेल पाक्यो न हर्ष, न विस्मात" जस्तै छ किनभने सत्ता जसको हातमा पुगे पनि, उनीहरूको दैनिकी भने उस्तै रहँदै आएको छ।

सडकको अवस्था जर्जर छ। शिक्षा प्रणाली शिक्षकको अभाव र कमजोर पूर्वाधारले थलिएको छ। स्वास्थ्य सेवा यति कमजोर छ कि सामान्य जटिलतामा पनि जनकपुर, वीरगञ्ज, काठमाडौं वा भारत जानुपर्ने बाध्यता छ। बागमती, मनुष्मारा र लखन्देही जस्ता नदीहरूमा अधुरा पुलहरू वर्षौंदेखि उस्तै छन्। हरेक वर्ष बाढी आउँछ, समस्या दोहोरिन्छ, आश्वासन फेरिन्छ, तर समाधान कहिल्यै हुँदैन।



विडम्बना के छ भने यही जिल्लाबाट निर्वाचित सांसदहरू पटकपटक मन्त्री र उपप्रधानमन्त्री बनेका छन्। सत्ता र पहुँचको कमी कहिल्यै थिएन। तर विकास किन आएन? यही प्रश्नले आज सर्लाही ४ का मतदातालाई गिज्याइरहेको छ।

यस्ता समस्या बाट पिडित जनतालाई प्रधानमंत्रि को नामबाट भोट माग्नु आफू ताक्छ मुढो बन्चरो ताक्छ घुँडो जस्तै भएको छ।

हरेक निर्वाचनमा दोहोरिने वाचा, उही भाषण, उही नाराले यहाँका मतदाता थाकिसकेका छन्। चुनाव आउँदा नेताहरू देखिन्छन्, चुनाव सकिएपछि समस्या मात्रै बाँकी रहन्छ। यही निरन्तरताले राजनीति र नेताप्रति वितृष्णा जन्माएको छ। आज सर्लाही ४ मा देखिने राजनीतिक चासो उत्साह होइन, समस्या कहिले समाधान हुन्छ भन्ने जिज्ञासा हो।

यसपटकको चुनावले एउटा गहिरो प्रश्न खडा गरेको छ के सर्लाही ४ का मतदाताले फेरि राष्ट्रिय महत्वाकांक्षालाई प्राथमिकता दिनेछन्, कि आफ्नै जीवनसँग प्रत्यक्ष जोडिएको यथार्थलाई प्राथमिकता दिनेछन् ?

यो निर्वाचन केवल जित-हारको विषय होइन। यो जनताको धैर्यको परीक्षा हो। यदि यसपटक पनि परिणामपछि सर्लाही ४ उस्तै रह्यो भने, हार्ने केवल उम्मेदवार होइन, लोकतान्त्रिक विश्वास हुनेछ। मतदाताले प्रधानमन्त्री बनाउने अधिकार त प्रयोग गर्लान्, तर त्यसपछि पनि अस्पताल, विद्यालय र पुल नपाए लोकतन्त्रको अर्थ उनीहरूका लागि खोक्रो हुनेछ।

अन्ततः सर्लाही ४ ले आज एउटा स्पष्ट सन्देश दिन खोजिरहेको छ कि अब भाषण होइन, परिणाम चाहिन्छ। सत्ता होइन, सेवा चाहिन्छ। यदि यो सन्देश बुझिएन भने, आगामी चुनावहरूमा मतदाताको मौन नै सबैभन्दा ठूलो विरोध बन्नेछ।

## प्रतिनिधिसभा सदस्य निर्वाचनः

# आयोगले सोध्यो २९ स्पष्टीकरण

काठमाण्डु । निर्वाचन आयोगले निर्वाचन आचारसंहिता उल्लङ्घन गर्ने थप नौ जनालाई स्पष्टीकरण सोधेको छ । शनिबारसम्म आयोगले २१ स्पष्टीकरण माग गरेकामा आइतबार र सोमबार गरी थप नौ स्पष्टीकरण माग गरेको हो ।

आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीका अनुसार बाजुरामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार हेमराज थापाले पिएस बानियाँ जेभीले ठेक्का लिएको मार्तडी-कोल्टी सडक निर्माण परियोजनाको विषयलाई जोडी बाग्मती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँलाई लक्षित गरी मुख्यमन्त्री कार्यालयमा आएर अपमानजनक र धम्कीपूर्ण भाषा प्रयोग गर्नाका साथै सामाजिक सञ्जालमा पोष्टसमेत गरेको उजुरी आएकाले स्पष्टीकरण सोधिएको छ । तपाईंले बाग्मती प्रदेशका मुख्यमन्त्री बानियाँका सम्बन्धमा अपमानजनक, धम्कीपूर्ण र अपशब्दयुक्त अभिव्यक्ति दिनुभएको हो वा होइन ? उजुरीमा उल्लेख भए जस्तो आर्थिक स्रोत सङ्कलन गर्दा निर्वाचन आचारसंहिता, २०८२ बमोजिमको व्यवस्थाको पालना गर्नु भएको छ वा छैन ? भनी उम्मेदवार थापालाई स्पष्टीकरण सोधिएको उहाँले बताउनुभयो ।

निर्वाचन आचारसंहिता, २०८२ को दफा २१ को खण्ड (च), दफा २५ को उपदफा (१) को खण्ड (च) र (ज) बमोजिम बाजुराका उम्मेदवार थापालाई तीन दिनभित्र जवाफ माग गरिएको प्रवक्ता जिसीले बताउनुभयो । निर्वाचन उम्मेदवार लक्षित भ्रामक/अमर्यादित सन्देश प्रकाशन तथा प्रसारण गर्ने विभिन्न व्यक्ति तथा सञ्चारमाध्यमका बारेमा आयोगले प्रेस काउन्सिल नेपाललाई कारबाहीका लागि लेखी पठाएको छ ।

यस्तै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) झापा जिल्ला निर्वाचन क्षेत्र नं ५ का उम्मेदवार बालेन्द्र शाहलाई आयोगले आइतबार दोस्रोपटक स्पष्टीकरण सोधेको छ । सादा पोसाकका प्रहरी बालेनलाई भोट माग्दै भन्ने बेहोराको श्रव्यदृश्य सामग्री प्राप्त भएकाले दोस्रोपटक स्पष्टीकरण सोधिएको आयोगले जनाएको छ । शाहको निर्वाचन प्रचारप्रसारका क्रममा निजको श्रीमतीसँग सादा पोसाकका प्रहरी खटिएको सम्बन्धमा के कसो भएको हो ? भनी आयोगले स्पष्टीकरण सोधेको हो । शाहलाई तीन दिनभित्र जवाफ माग गर्दै आयोगले स्पष्टीकरण सोधेको हो ।


नेपाली कम्युनिष्ट पार्टीले निर्वाचन आचारसंहिताको प्रतिकूल हुनेगरी प्रतिनिधिसभा सदस्य सिन्धुपाल्चोक जिल्ला निर्वाचन क्षेत्र नं १ को निर्वाचन कार्यालय बाहिर आफ्नो दलको निर्वाचन चिह्न पेन्ट गरेर राखेको भनी स्पष्टीकरण सोधेको छ ।

उजुरीमा उल्लेख भएको बेहोरामा के कसो भएको हो ? यदि आचारसंहिताको उल्लिखित व्यवस्थाको प्रतिकूल हुनेगरी दलको निर्वाचन चिह्न प्रदर्शन गरेको प्रमाणित भएमा त्यस दलको जिल्ला कार्य समितिलाई प्रचलित निर्वाचन कानुनबमोजिम किन कारबाही गर्नु नपर्ने हो ? यही विषयलाई लिएर आयोगले सोही क्षेत्रका उम्मेदवार माधव सापकोटलाई पनि स्पष्टीरण सोधेको छ ।

यसैगरी आयोगले रुद्र गिरी, मङ्गल प्रजा र अशोक टमानीलाई पनि स्पष्टीकरण सोधेको छ ।रासस



# सरकार कुनै दलको प्रभावमा छैनः प्रधानमन्त्री कार्की



वर्तमान सरकारले जेनजी आन्दोलनमा मृत्युवरण गरेका योद्धाहरुलाई सहिद घोषणा गरी सम्बन्धित परिवारलाई राहत उपलब्ध गराउनाका साथै घाइतेहरुको उपचार तथा जीविकालाई प्राथमिकता दिएर काम गरेको छ ।

काठमाण्डु । प्रधानमन्त्री सुशीला कार्कीले केही मन्त्रीले पदबाट राजीनामा दिएर निर्वाचनमा भाग लिएकै आधारमा सरकारमाथि कुनै दलको प्रभाव रहेको भन्ने आरोप लगाउनु सही नभएको स्पष्ट गर्नुभएको छ ।

राष्ट्रियसभाको सोमबारको बैठकमा सम्बोधन गर्दै प्रधानमन्त्री कार्कीले सरकार छाडेर चुनावमा जानु कुनै बेइमानी नभएको स्पष्ट गर्नुभयो । "त्यसबेला जेनजी समूहको आग्रहमा उहाँहरुलाई मन्त्री बनाइएको हो । जति दिन बस्नुभयो इमानदार रुपमा काम गर्नुभयो । राजीनामा दिएपछि चुनावमा लड्न वा आफ्नो रुचिको क्षेत्रमा जान पाउनुहुन्छ", प्रधानमन्त्री कार्कीले भन्नुभयो, "अन्तरिक सरकारको मन्त्री छाडेर निर्वाचन लड्न गएकै आधारमा सरकारमा राष्ट्रिय स्वतन्त्र पार्टी वा कुनै दलको प्रभाव छ भन्ने यथार्थ होइन । हामी कसैको प्रभावमा छैनौँ । म आफैँ पनि कुनै राजनीतिक व्यक्ति नै होइन, त्यसकारण त्यस्तो टिप्पणीहरुको अर्थ छैन ।" वर्तमान सरकारमा मन्त्री रहनुभएका कुलमान घिसिङ, जगदीश खरेल, महावीर पुन र बब्लु गुप्ताले राजीनामा दिएर निर्वाचनको प्रतिस्पर्धामा उत्रनुभएको छ ।

**प्रधानमन्त्री कार्कीको पूर्ण विवरण यस प्रकार छ :**

*"सम्माननीय अध्यक्षज्यू,*

२०८२ भदौ २३ र २४ गते जेनजी युवाहरुको अगुवाइमा भएको आन्दोलनका जगमा गठित अन्तरिम सरकारको प्रधानमन्त्रीको हैसियतले मैले पहिलोपटक राष्ट्रिय सभाको यस गरिमामय बैठकमा उपस्थित भई केही कुरा राख्न पाउँदा मलाई एउटा ऐतिहासिक मोडको साक्षीका रूपमा गम्भीर जिम्मेवारी बोध भएको छ ।हालै सम्पन्न राष्ट्रिय सभाको निर्वाचनबाट निर्वाचित हुनुभएका सम्पूर्ण सदस्यज्यूहरुलाई बधाईसहित उपलब्धिमूलक कार्यकालका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

त्यस्तै आफ्नो कार्यकाल पूरा गरी बिदा हुन लाग्नुभएका माननीय सदस्यज्यूहरुमा बधाई ज्ञापन गर्दै आगामी सुखद जीवनको कामना गर्दछु ।म प्रधानमन्त्री भएकै दिन अर्थात् २०८२ भदौ २७ गते जेनजी आन्दोलनको भावनाअनुरुप तत्कालीन परिस्थितिलाई सामान्यीकरण गरी मुलुकमा थप द्वन्द्व चर्किन नदिन र धनजनको क्षति रोक्न तथा राज्यलाई पुनः संवैधानिक लयमा फर्काउन २०८२ फागुन २१ गते निर्वाचन गर्नेगरी तत्कालीन प्रतिनिधि सभा विघटनका लागि सम्माननीय राष्ट्रपतिज्यूलाई सिफारिस गरेकी थिएँ ।

सोही सिफारिसबमोजिम प्रतिनिधि सभाको विघटन भएको र तोकिएको समयमा स्वच्छ, निष्पक्ष र विश्वसनीय वातावरणमा चुनाव सम्पन्न गरी जननिर्वाचित सरकारलाई शक्ति सुम्पन यो सरकार आतुर रहेको व्यहोरा यस सम्मानित सदनमा जानकारी गराउन चाहन्छु ।म यस सदनमा जेनजी आन्दोलनमा सहादत प्राप्त गर्नुभएका सहिदहरुप्रति सम्मान प्रकट गर्दै सहिद परिवारमा पुग्न गएको अपूरणीय क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दछु ।

साथै आन्दोलनका घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु। यसअघि विभिन्न अवसरमा भनिसकेकी छु कि म कुनै शासकीय आकाङ्क्षा बोकेर, कुनै पदको लालसा लिएर प्रधानमन्त्री भएकी होइन ।बिथोलिएको संवैधानिक व्यवस्थालाई 'ट्र्याक'मा ल्याउन र देशलाई सङ्कटबाट बचाउन परिवर्तनकामी युवा पुस्ताको आग्रह, राजनीतिक दलहरु र सम्माननीय राष्ट्रपतिज्यूसँगको छलफलका आधारमा विषम परिस्थितिमा मैले प्रधानमन्त्रीको जिम्मेवारी लिएकी हुँ।

*सम्मानीय अध्यक्ष महोदय,*

भदौ २३ र २४ गते जेनजी युवाहरुको नेतृत्वमा भएको विद्रोह हाम्रा शासकहरुमा युवा आकाङ्क्षाको बेवास्ता, मुलुकमा व्याप्त भ्रष्टाचार र राज्य सञ्चालनमा देखिएको संवेदनहीनताविरुद्धको चेतनाको प्रतिविम्ब थियो ।

संविधानको मर्म र भावनाबमोजिम सुशासन, समृद्धि र विकासको क्षेत्रमा भएका कमी कमजोरी र त्यसबाट सिर्जित असन्तोष, अभाव वा उपेक्षाको कारणले यस आन्दोलनको जन्म भएको कुरालाई हामीले स्वीकार गर्नुपर्दछ ।उक्त आन्दोलन वर्तमान संविधानले परिकल्पना गरेको सङ्घीय गणतन्त्रात्मक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार र सुशासनलगायतका लोकतान्त्रिक मूल्य मान्यतामा हामी खरो उत्रन नसक्नुको परिणाम पनि हो ।यो विद्रोह यस्तो ऐना हो, जसमा हामीले हाम्रा आफ्नै शासकीय त्रुटिहरू र आचरणगत कमजोरीहरु देखिरहेका छौँ ।

सूचना प्रविधिमा भएको चामत्कारिक विकासबारे जानकार नेपाली युवा पुस्ताले आफ्नो मुलुकमा पनि राज्यका स्रोतसाधन र अवसरमा समान पहुँच, रोजगारी र गुणस्तरीय जीवनको आकाङ्क्षा राखेको छ ।
यी आकाङ्क्षा केवल युवाका मात्र होइनन्, बरु नेपालको आर्थिक रूपान्तरणका अनिवार्य सर्त हुन् ।तसर्थ, ती आकाङ्क्षा पूरा गर्न राज्यका तीनै अङ्गहरु कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका जिम्मेवार भई लागिपर्न निकै ढिलाइ भइसकेको छ। यही कारण हामीले ठूलो क्षति बेहोर्नुपरेको छ ।

वर्तमान सरकारले जेनजी आन्दोलनमा मृत्युवरण गरेका योद्धाहरुलाई सहिद घोषणा गरी सम्बन्धित परिवारलाई राहत उपलब्ध गराउनाका साथै घाइतेहरुको उपचार तथा जीविकालाई प्राथमिकता दिएर काम गरेको छ ।आन्दोलनका मागहरुलाई सम्बोधन गर्नेगरी सरकार र आन्दोलनकारी प्रतिनिधिबीच मुलुकको राजनीतिक दिशा बदल्ने ऐतिहासिक सम्झौता सम्पन्न भएको छ ।सार्वजनिक निकायका कामकारबाहीलाई पारदर्शी र उत्तरदायी बनाई भ्रष्टाचार न्यूनीकरणमा पूर्ण प्रतिबद्धताका साथ सरकार लागिपरेको छ ।भ्रष्टाचार न्यूनीकरणसम्बन्धी रणनीतिक योजना तथा प्रविधिमा आधारित सुशासनको मार्गचित्र तयारीको कार्य अन्तिम चरणमा पुगेको व्यहोरा यहाँ अवगत गराउन चाहन्छु ।

विसं २०८२ फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभाको निर्वाचनका लागि उम्मेदवारको मनोनयन सम्पन्न भई राज्यका स्रोतसाधन निर्वाचनमा केन्द्रित गरिएको छ ।आन्दोलनका क्रममा लुटिएका हतियारहरूमध्ये अधिकांश बरामद भइसकेको र सुरक्षाको पूर्ण प्रत्याभूति गरिएको छ।एकीकृतनिर्वाचनसुरक्षास्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ । सबै सुरक्षा संयन्त्र परिचालन सुनिश्चित गरिएको छ। चुनावमा देखिएको राजनीतिक दल तथा विभिन्न उम्मेदवारहरुको सहभगिता तथा जनतामा देखिएको उत्साहले नेपाली जनताको लोकतन्त्रप्रतिको आस्था, विश्वास, भरोसा अनि प्रतिबद्धतालाई दर्शाइरहेको छ ।

यो निर्वाचन केवल सदनमा जनप्रतिनिधि पठाउने एउटा नियमित प्रक्रियाको अङ्ग मात्र होइन, बरु यो त नेपाल राष्ट्रको नयाँ राजनीतिक संस्कृतिको प्रस्थानबिन्दु बन्नुपर्दछ भन्ने मेरो सविनय आग्रह छ ।तसर्थ, निर्वाचन आचारसंहिताको पूर्ण पालना गरी आगामी निर्वाचनलाई स्वच्छ र भयरहित वातावरणमा सम्पन्न गर्न म यस सम्मानित सदनमार्फत सबै पक्षसँग हार्दिक अपिल गर्दछु ।परिस्थितिलाई सामान्यीकरण गर्दै निर्वाचनका लागि यो वातावरण बनाउन सङ्घीय सरकारका अवयवका साथै प्रदेश र स्थानीय सरकार, निर्वाचन आयोग, राजनीतिक दल, जेनजी आन्दोलनका अगुवा तथा प्रतिनिधि, नागरिक समाज, कूटनीतिक समुदाय, सञ्चार माध्यम सबैको सहयोग र सद्भावले सम्भव भएको हो ।

यसका लागि सम्माननीय अध्यक्षमार्फत सबै पक्षको यस खालको सुझबुझको म उच्च सराहना गर्दछु। आज हामीले सदाचार नीति सम्बन्धमा छलफल गर्‍यौँ । यो भविष्यमा भ्रष्टाचारशून्य नेपाल बनाउने महत्वपूर्ण दस्तावेजका रुपमा आउनेछ भन्ने विश्वास लिएकी छु । तर सदाचार भन्ने कुरा कुनै भाषण, प्रवचन वा दस्तावेजका सुन्दर अक्षरहरुको सजावटले मात्र कायम हुने होइन । यो हामी प्रत्येक सार्वजनिक पदाधिकारीको आचरण र व्यवहारमा प्रदर्शन हुनुपर्ने विषय हो ।

जेनजी आन्दोलनमा युवाहरुले उठाएको मूल मुद्दा नै भ्रष्टाचाररहित समाज, सुशासन र सदाचार नै हो ।रासस

---

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**
**गौर, रौतहट**

## भूमिगत सिंचाई व्यवस्थापन सहयोग कार्यक्रमका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/१०/२०**

यस कृषि ज्ञान केन्द्र, रौतहटको चालु आ.व. २०८२।०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत सिंचाई व्यवस्थापन प्रवर्द्धन सहयोग कार्यक्रम रहेको हुँदा सो कार्यक्रम संचालन गर्न इच्छुक आवेदकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र (अर्थात् मिति २०८२/११/०५ गते सम्म) तपसिल अनुसारको कागजातहरु सहित अनुसूची-२ बमोजिम निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ । यस सम्बन्धि विस्तृत जानकारीको लागि कार्यालयको वेबसाइट वा सूचना पाटीमा हेर्न सकिनेछ ।

**तपसिलः**

१. आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
२. कृषक/क्लष्टरमा सिंचाई गर्न इच्छुक आवेदकको हकमा कम्तीमा २ विघा क्षेत्रफलको जग्गा धनी प्रमाण पत्रको प्रतिलिपि,
३. कृषक समूह/सहकारी/निजी कृषि फर्म/उद्यमीको हकमा कम्तीमा ४ विघा जग्गा धनी प्रमाण पत्रको प्रतिलिपि,
४. लिजमा जग्गा लिई खेती गर्ने भएको भए कम्तिमा ५ वर्षको करारनामाको पत्रको प्रतिलिपि (लेखापढीबाट गरेको हुनपर्ने),
५. पेश गरेको जग्गा धनी लालपुर्जाको गत आ.व. को मालपोत तिरेको रसिदको प्रतिलिपि,
६. कृषक समूह/सहकारी/फर्मको हकमा संस्था दर्ता प्रमाण पत्र र नवीकरणको प्रतिलिपि,
७. कृषक समूह/सहकारी/फर्मको स्थायी लेखा नम्बर (PAN) प्रमाण पत्रको प्रतिलिपि,
८. कृषक समूह/सहकारी/फर्मको हकमा गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,
९. कृषक समूह/सहकारीको हकमा कार्यकम संचालन सम्बन्धी निर्णयको प्रतिलिपि र अख्तियारीनामा,
१०.स्थानीय तह/वडा कार्यालय/कृषि शाखाको सिफारिस (सक्कलै)

**संचालन हुने कार्यक्रमहरुः**

१. ४ इन्च व्यास स्यालो ट्यूबवेल जडान मात्र
२. ४ इन्च व्यास स्यालो ट्यूबवेल जडान तथा समरसिवल वा सरफेश (विद्युतीय वा सोलार)
३. पुरानै जलश्रोत संरचनाबाट जल उपयोग गर्न समरसिवल वा सरफेश (विद्युतीय वा सोलार)
४. २ इन्च ब्यास स्यालो ट्यूबवेल जडान समरसिबल वा सरफेश (विद्युतीय वा सोलार) (वस्तीभन्दा टाढाको खेत १० कठ्ठा भन्दा कम जग्गामा एकल परिवारको स्वामित्वमा एकल खेती गर्ने कृषक परिवार मात्र)
५. ईनारबाट/सोलार प्रणालीबाट सिंचाई (स्यालो ट्यूबवेल जडान सम्भव नभएको क्षेत्रमा इनारको हकमा कम्तीमा ५ परिवार र ४ विघा जग्गामा सिंचाई सुविधा पुग्ने गरी संस्थागत वा आपसी सहमती भएका उपभोक्ताहरु मध्येका एकजना कृषक) (लिखित सम्झौता तथा जग्गाको प्रमाण पुर्जा लगायत अन्य कागजात अनिवार्य हुने र नक्सामा इनारको समिप्यता देखिनु पर्ने)

**नोट**ः माथि उल्लेखित कार्यक्रमहरु मध्ये कार्यालयले जिल्लाको आवश्यकता र औचित्यको आधारमा कार्यक्रमहरु संचालन गर्नेछ । कार्यक्रम संचालन सम्बन्धी सर्वाधिकार यस कार्यालयमा निहित रहनेछ ।

कार्यक्रमको दरखास्त फारामहरु यस कार्यालयको वेबसाइट www.akcrautahat.madhesh.gov.np मा डाउनलोड सेक्सनमा राखिएको छ । विस्तृत विवरणको लागि सूचना अधिकारीको सम्पर्क नंः ९८५५०४०१२९ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

**नि. कार्यालय प्रमुख**

---

## Invitation for Bids

## Madhesh Institute of Health Sciences

## Janakpurdham, Dhanusha

**Date of publication: 3rd Feb 2026**

1. Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha invites electronic bids from eligible bidders for the construction of below mention works under National Competitive Bidding – Single Stage Single Envelope Bidding procedures.
2. Eligible Bidders may obtain further information from PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Bidder should submit their bid electronically and may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document NRs. 3000/- in the Project's Rajaswa (revenue) account as specified below.

   **Information to deposit the cost of bidding document in Bank:**

   **Name of the Bank:** Laxmi Sunrise Bank Ltd, Janakpurdham, Dhanusha

   **Name of Office :** Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha

   **Office Code no. :** 3700017022

   **Office Account no.:** 1681699536011101

   **Rajaswa (revenue) Shirshak no.:** 14229

   **Dharauti Khata No.:** 1681699540011103
4. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egpon or before 12:00 Noon on 5th March 2026. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 PM on 5th March 2026 at the office of The Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of amount mention below in the table, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. Total 120 days)
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

| S N | IFB No. | IFB/Contract Name | Cost Estimate (Exclusive of VAT,PS and Contingencies) | Bid Fee (NRs) | Bid Security (NRS) |
|---|---|---|---|---|---|
| 1 | MIHS/NCB/WORKS/ 2082-083/08 | The Construction of OPD and ER Bhawan ko Bichma Truss (ER Disasater Extension) | 69,53,344/00 | 3000/- | 174,000/- |

# जापानको गहिरो समुद्रमा दुर्लभ पृथ्वी तत्वको खोज

एएफपी

टोकियो । जापानले गहिरो समुद्री परीक्षण मिसनका क्रममा समुद्रको करिब छ हजार मिटर गहिराइबाट दुर्लभ पृथ्वी तत्वहरू भएको खनिजयुक्त जमेको पदार्थ सफलतापूर्वक पुनः प्राप्त गरेको जनाएको छ । सोमबार सरकारद्वारा सार्वजनिक गरिएको यो जानकारी बहुमूल्य खनिज आपूर्तिका लागि चीनमाथिको निर्भरता घटाउने जापानको दीर्घकालीन रणनीतिसँग जोडिएको छ।

सरकारी भनाइअनुसार यति ठूलो गहिराइमा पुगेर गहिरो समुद्री खनिजयुक्त जमेको पदार्थबाट दुर्लभ पृथ्वी तत्व निकाल्ने यो विश्वकै पहिलो प्रयास हो । यस सफल परीक्षणलाई जापानले प्राविधिक र रणनीतिक दुवै दृष्टिले महत्त्वपूर्ण उपलब्धिका रूपमा प्रस्तुत गरेको छ ।सरकारी प्रवक्ता केई सातोले नमूनामा कति मात्रामा दुर्लभ पृथ्वी तत्व समावेश छन् भन्ने विषयमा विस्तृत विश्लेषण गरिने जानकारी दिनुभयो । उहाँका अनुसार यो उपलब्धि आर्थिक सुरक्षाका साथै समग्र समुद्री विकासको दृष्टिकोणबाट पनि अर्थपूर्ण रहेको छ।

गत महिना 'चिक्यु' नामक गहिरो समुद्री वैज्ञानिक ड्रिलिङ डुङ्गाले प्रशान्त महासागरको दुर्गम टापु मिनामी तोरिशिमातर्फ यात्रा गरी नमूना सङ्कलन गरेको थियो । उक्त क्षेत्र वरपरको समुद्री सतहमा बहुमूल्य खनिजहरूको उल्लेखनीय भण्डार रहेको विश्वास गरिएको छ ।यो खोज यस्तो समयमा सार्वजनिक भएको



छ, जतिबेला दुर्लभ पृथ्वी तत्वको विश्वकै सबैभन्दा ठूलो आपूर्तिकर्ता चीनले जापानमाथि विभिन्न माध्यमबाट दबाब बढाइरहेको छ। नोभेम्बरमा प्रधानमन्त्री साने ताकाइचीले ताइवानसम्बन्धी क्षेत्रीय सुरक्षा अवस्थाबारे धारणा व्यक्त गरेपछि टोकियो र बेइजिङबीचको सम्बन्ध संवेदनशील बन्दै गएको थियो ।

यसै सन्दर्भमा बेइजिङले सम्भावित सैन्य प्रयोग हुनसक्ने 'दोहोरो प्रयोग' वस्तुहरूको जापानतर्फ निर्यात रोकिसकेको छ । ती वस्तुहरूमध्ये केही दुर्लभ पृथ्वी तत्व समूहमा पर्ने भएकाले जापानमा आपूर्ति अवरुद्ध हुनसक्ने चिन्ता बढेको छ। दुर्लभ पृथ्वी तत्व भन्नाले पृथ्वीको माथिल्लो तहबाट निकाल्न कठिन १७ प्रकारका धातुहरूलाई जनाउँछ। यी तत्वहरू विद्युतीय सवारी साधन, हार्ड ड्राइभ, विन्ड टर्बाइनदेखि मिसाइल प्रणालीसम्म अत्यावश्यक रूपमा प्रयोग गरिन्छ । जापानको विशेष आर्थिक जलक्षेत्रभित्र पर्ने मिनामी तोरिशिमाको वरपरको क्षेत्रमा एक करोड ६० लाख टनभन्दा बढी दुर्लभ माटो रहेको अनुमान गरिएको छ। जापानी व्यावसायिक दैनिक निक्केईका अनुसार यो विश्वकै तेस्रो ठूलो दुर्लभ पृथ्वी भण्डार हो ।निक्केईका अनुसार ती भण्डारमा करिब ७३० वर्षसम्म पुग्ने डिस्प्रोसियम रहेको अनुमान छ, जुन मोबाइल फोन र विद्युतीय कारमा प्रयोग हुने उच्च-शक्ति चुम्बकमा आवश्यक पर्छ। त्यसैगरी, लेजर प्रविधिमा प्रयोग हुने यट्रियम पनि करिब ७८० वर्षसम्म पुग्ने मात्रामा रहेको बताइएको छ।

गहिरो समुद्री उत्खननप्रति भने वातावरणीय समूहहरूले चिन्ता व्यक्त गर्दै आएका छन्। उनीहरूका अनुसार यस्तो गतिविधिले समुद्री इकोसिस्टममा गम्भीर असर पार्न सक्छ र समुद्री सतहको सन्तुलन बिगार्न सक्छ ।अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अन्तर्राष्ट्रिय जलक्षेत्रमा गहिरो समुद्री उत्खननलाई तीव्रता दिन दबाब दिएपछि यो विषय भूराजनीतिक रूपमा झन् संवेदनशील बनेको छ ।अन्तर्राष्ट्रिय जलक्षेत्रमा समुद्री सतहमाथि अधिकार क्षेत्र रहेको अन्तर्राष्ट्रिय समुद्री सतह प्राधिकरणले समुद्रको गहिराइमा उत्खननलाई नियमन गर्न विश्वव्यापी आचारसंहिता लागू गर्ने प्रयास गरिरहेको छ।

यद्यपि जापानको यो परीक्षण मिसन आफ्नै क्षेत्रीय जलक्षेत्रभित्र सम्पन्न गरिएको सरकारको भनाइ छ।द इन्टरनेसनल इन्स्टिच्युट फर स्ट्रेटेजिक स्टडिजका अनुसन्धान सहयोगी ताकाहिरो कामिसुनाका अनुसार यदि जापानले मिनामी तोरिशिमाको वरिपरि दुर्लभ पृथ्वीहरू निरन्तर र सफलतापूर्वक निकाल्न सके प्रमुख उद्योगका लागि घरेलु आपूर्ति शृ्त ला सुरक्षित हुनेछ।

उहाँका अनुसार यसले चीनमाथिको आपूर्ति निर्भरतालाई उल्लेखनीय रूपमा घटाउने भएकाले ताकाइची सरकारका लागि यो एक महत्त्वपूर्ण रणनीतिक सम्पत्ति सावित हुन सक्छ ।बेइजिङले लामो समयदेखि दुर्लभ पृथ्वी तत्वमा आफ्नो प्रभुत्वलाई भूराजनीतिक लाभका लागि प्रयोग गर्दै आएको छ। अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीका अनुसार विश्वको दुर्लभ पृथ्वी उत्खनन उत्पादनको करिब दुई तिहाइ र परिष्कृत उत्पादनको ९२ प्रतिशत हिस्सा चीनको नियन्त्रणमा छ।

# भद्रपुरमा इण्डो-नेपाल टी-२० च्याम्पियनसिप आयोजना हुँदै



भद्रपुर । भद्रपुरस्थित मेची क्याम्पसको खेल मैदानमा यही माघ २१ देखि २९ गतेसम्म ' कोशी पाथीभरा इण्डो-नेपाल टी-२० च्याम्पियनसिप कप' क्रिकेट प्रतियोगिता आयोजना हुने भएको छ।

प्रतियोगितामा नेपाल र भारतका आठ वटा टिमको सहभागिता रहनेछ । क्रिकेट प्रतियोगिताको तयारीबारे जानकारी दिन सोमबार आयोजित पत्रकार भेटघाटमा आयोजक समितिका संयोजक मनोज सुब्बाले सम्पूर्ण तयारी पूरा भएको जानकारी दिनुभयो । उहाँका अनुसार प्रतियोगितामा सहभागी नेपली टिमहरुमा आयोजक भद्रपुर क्रिकेट क्लब, गण्डकी हिरोज पोखरा, ग्रेट हिमालयन क्रिकेट एकेडेमी काठमाडौं र फ्रेण्ड्स युथ क्लब डडेल्धुराको सहभागिता रहने छ।

यसैगरी भारतीय टिमहरुमा राइनो ल्याण्ड क्रिकेट एकेडेमी आसाम (गुवाहाटी), ग्लोबल स्टार क्रिकेट क्लब लखनउ, क्रिकेट कोचिङ्ग उपाध्याय एकादमी न्यू दिल्ली तथा स्नो लायन टिम अफ सिक्किमको सहभागिता रहने संयोजक सुब्बाले बताउनुभयो । प्रतियोगिताको विजेता टिमले नगद रु पाँच लाख र उपविजेताले नगद रु तीन लाखसहित ट्रफी तथा मेडल प्राप्त गर्नेछन् । हरेक खेलको ' प्लेयर अफ दि म्याच'लाई नगद रु ११ हजार प्रदान गरिने र उत्कृष्ट ब्याटर तथा बलरलाई जनही नगद रु २५ हजार तथा प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई नगद रु ५१ हजार र ट्रफी प्रदान गरिने आयोजकले जनाएको छ।

आठ टिमलाई दुई समूहमा विभाजन गरी लिग ढाँचामा प्रतियोगिता सञ्चालन गरिनेछ । प्रतियोगिता आयोजना गर्न करिब रु एक करोड २२ लाख खर्च हुने अनुमान गरिएको छ । उक्त खर्च स्थानीय व्यवसायी, दाता तथा भद्रपुर नगरपालिकाको सहयोगमा व्यवस्थापन गरिने संयोजक सुब्बाले जानकारी दिनुभयो ।रासस

# कोस्टारिकामा लौरा फर्नान्डिजको उदय

एएफपी

सान जोसे। दक्षिणपन्थी राजनीतिक वैज्ञानिक लौरा फर्नान्डिज कोस्टारिकाको राष्ट्रपति निर्वाचित हुनुभएको छ। आफूलाई 'विश्वको सबैभन्दा सुन्दर तानाशाह' भन्ने साल्भाडोरका राष्ट्रपति नायब बुकेलेको शैली र कठोर सुरक्षा नीतिबाट प्रभावित उहाँको विजयलाई पछिल्लो समय ल्याटिन अमेरिकी राजनीतिमा देखिएको आक्रामक नेतृत्वको निरन्तरताका रूपमा हेरिएको छ।

उन्चालिस वर्षीया फर्नान्डिज निवर्तमान कन्जरभेटिभ राष्ट्रपति रोड्रिगो चाभेसको राजनीतिक उत्तराधिकारी मानिनुहुन्छ। चाभेसको कार्यकालमा उहाँले योजनामन्त्री र चिफ अफ स्टाफका रूपमा काम गर्नुभएको थियो। उहाँ सन् २०१० देखि २०१४ सम्म शासन गरेकी लौरा चिनचिलापछि कोस्टारिकाको राष्ट्रपति बन्ने दोस्रो महिला हुनुहुन्छ।



फर्नान्डिजले मध्य अमेरिकामा लामो समयसम्म स्थिर र शान्त मुलुक मानिएको कोस्टारिकामा बढ्दो हिंसालाई प्रमुख चुनौतीका रूपमा चित्रण गर्नुभएको छ। क्यारिबियन र प्रशान्त दुवै तटरेखा रहेको यो देश कोलम्बिया र मेक्सिकन लागुऔषध गिरोहका लागि पहिले ट्रान्जिट विन्दु मात्र भए पनि अहिले रसद केन्द्रमा रूपान्तरण भएको छ। लागुऔषध तस्करी स्थानीय समुदायसम्म फैलँदै गएपछि समूहगत झडप बढेका छन् र पछिल्लो छ वर्षमा हत्याको दर करिब ५० प्रतिशतले वृद्धि भएको छ।

यही पृष्ठभूमिमा फर्नान्डिजले बुकेलेले अपनाएको कठोर सुरक्षा मोडेलबाट प्रेरणा लिँदै खतरनाक अपराधीका लागि मेगा-जेल निर्माण पूरा गर्ने र अपराधका हटस्पटहरूमा आपतकालीन व्यवस्था लागू गर्ने प्रतिबद्धता जनाउनुभएको छ। चुनावी अभियानका क्रममा उहाँले अपराधीलाई सडकबाट हटाएर जेलमा राख्ने कडा उपाय अवलम्बन गरिने बताउनुभएको थियो।

तर मानव अधिकार समूहहरूले यस्तो मोडेलको नक्कलप्रति गम्भीर चेतावनी दिएका छन्। उनीहरूका अनुसार एल साल्भाडोरमा हजारौं मानिस आरोपबिना थुनिएका घटनाले अपराध नियन्त्रणमा तात्कालिक परिणाम देखाए पनि नागरिक स्वतन्त्रतामा गहिरो असर पारेको छ। केही आलोचकले फर्नान्डिजलाई चाभेसको लोकप्रियतावादी एजेन्डालाई निरन्तरता दिने पात्रका रूपमा मात्र चित्रण गर्दै चाभेस पुनः सत्तामा फर्किने बाटो खोल्ने आशङ्का पनि व्यक्त गरेका छन्। सत्तारूढ पक्षभित्र संविधान संशोधन गरी चाभेसलाई छिटो पुनः चुनाव लड्न मिल्ने व्यवस्था गर्ने चर्चा चलिरहेको छ। फर्नान्डिजले आफ्नो मन्त्रिपरिषद्मा चाभेसलाई समेट्ने सम्भावनालाई पूर्ण रूपमा अस्वीकार गर्नुभएको छैन।

उहाँको राजनीतिक शैलीलाई आलोचकहरूले द्वन्द्वात्मक र लोकप्रियतावादी भनेका छन्। न्यायपालिकालाई अपराधप्रति नरम र राजनीतिक अभिजात वर्गलाई जनताबाट टाढिएको रूपमा चित्रण गर्ने उहाँको भाषाशैलीले तीखो बहस जन्माएको छ। पूर्वराष्ट्रपति चिनचिलाले उहाँको शैलीलाई 'राष्ट्रपतिको कमजोर नक्कल' को संज्ञा दिनुभएको छ।

प्रशान्त तटीय सहर पुन्टारेनासमा जन्मिएकी फर्नान्डिज किसान बुबा र शिक्षिका आमाको सन्तान हुनुहुन्छ। बाल्यकाल ग्रामीण परिवेशमा बिताएको अनुभव उहाँले बारम्बार स्मरण गर्नुहुन्छ। दुई पटक विवाह गरेकी उहाँ तीन वर्षीया छोरीकी आमा हुनुहुन्छ र आफूलाई आर्थिक रूपमा उदार तर सामाजिक रूपमा रूढीवादी मान्नुहुन्छ। गर्भपतन, इच्छामृत्यु र पारिवारिक मूल्यबारे उहाँका कडा अभिव्यक्तिले समर्थक र आलोचक दुवै जन्माएका छन्।

## ट्रम्प र इरानः
# वार्ता र चेतावनी

एएफपी

पेरिस । इरानी सर्वोच्च नेता अयातुल्ला अली खामेनीले अमेरिकाले आक्रमण गरे क्षेत्रीय युद्ध हुनसक्छ भनी चेतावनी दिए पनि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँग सम्झौता हुने आशा व्यक्त गर्नुभएको छ।

गत महिनाको सरकार विरोधी प्रदर्शनप्रति इरानी अधिकारीहरूको दमनपछि ट्रम्पले सैन्य कारबाहीको धम्की दिनुभएको थियो र मध्यपूर्वमा विमानवाहक समूह पठाउने आदेश दिनुभएको थियो। इरानी सर्वोच्च नेता अयातुल्ला अली खामेनीले हालैको विरोध प्रदर्शनलाई 'कु' सँग तुलना गर्दै अमेरिकी आक्रमणले व्यापक द्वन्द्व निम्त्याउने चेतावनी दिनुभएको छ । खामेनीले 'यदि अमेरिकीहरूले युद्ध सुरु गरे भने यो पटक क्षेत्रीय युद्ध हुनेछ' र इरानी जनता डराउन नपर्ने बताउनुभएको छ।



इरानमा प्रदर्शनहरू जीवनयापनको उच्च लागतको विरोधबाट सुरु भए पनि सरकार विरोधी आन्दोलनमा परिणत भएका थिए, जसलाई देशका नेताहरूले संयुक्त राज्य अमेरिका र इजरायलले भड्काएको 'दङ्गा' भनेका छन्। इरानी अधिकारीहरूले हिरासतमा रहेका प्रदर्शनकारी एरफान सोल्टानीलाई जमानतमा रिहा गर्न आदेश दिएका थिए। तर उनका वकिलका अनुसार वासिङ्टनले उनलाई मृत्युदण्डको खतरा छ भनी चेतावनी दिएको थियो । जनवरीमा उनलाई राष्ट्रिय सुरक्षाको विरोध गरेको आरोपमा इरानको न्यायपालिकाले पक्राउ गरेको थियो, तर तेहरानले उनलाई मृत्युदण्ड कहिल्यै नदिएको जनाएको छ।

तेहरानका विदेशमन्त्री अब्बास अराघचीले इरानले संयुक्त राज्य अमेरिकामा विश्वास गुमाएको छ तर मध्यस्थ देशहरूले विश्वास पुनर्निर्माणमा सहयोग गरिरहेको बताउनुभयो। उहाँले सिएनएनसँगको अन्तर्वार्तामा भन्नुभयो, "यदि अमेरिकी वार्ता टोलीले ट्रम्पको निर्देशन अनुसरण गर्छ भने निष्पक्ष सम्झौतामा पुग्न सम्भावना छ, जसले आणविक हतियार नभएको सुनिश्चित गर्नेछ।"

## साफ महिला च्याम्पियनसिप :
# बङ्गलादेशसँग भारत पराजित

कास्की । पोखरा अन्तरराष्ट्रिय फुटबल रङ्गशालामा सञ्चालन भइरहेको १९ वर्षमुनिको साफ महिला च्याम्पियनसिप फुटबल प्रतियोगिताको आजको पहिलो खेलमा भारतलाई बङ्गलादेशले २-० गोलले पराजित गरेको छ।

बङ्गलादेशले खेलको पहिलो हाफमा गरेको दुई गोलनै भारतलाई हराउन पर्याप्त रह्यो । खेलको २९ औँ मिनेटमा कप्तान अरपिता विश्वास अरपिताले गोल गरेर अग्रता बनाउनुभएको थियो। यसैगरी खेलको ४० औँ मिनेटमा अल्पी अक्तरले बङ्गलादेशका लागि गोल गर्दै अग्रता दोब्बर बनाउनुभयो। पहिलो हाफमा दुई गोलले पछि परेको भारतले खेलमा फर्कन प्रयास गरेपनि सफल हुन सकेन।

दुई खेलमा जित हासिल गरेपछि बङ्गलादेश जारी प्रतियोगिताको अङ्क तलिकामा शीर्ष स्थानमा रहेको छ । बङ्गलादेशले ६ अङ्क जोड्दा समान खेल खेलको भारत तीन अङ्कसहित दोस्रो स्थानमा छ। लिग चरणको आजको अर्को खेल घरेलु टोली नेपाल र भुटानबीच हुँदैछ। यी दुबै टोलीले पहिलो खेलमा पराजित भएका थिए। नेपाल आफ्नो पहिलो खेलमा भारतसँग १-० गोलले पराजित भएको थियो भने उद्घाटन खेलमा भुटान भने बङ्गलादेशसँग १२-० को फराकिलो अन्तरले पराजित भएको थियो ।रासस



# युद्धविरामसँगै गाजामा 'रफाह नाका' आवतजावतको लागि खोलिँदै

एपी

काइरो । इजिप्टसँग जोडिएको गाजाको एकमात्र प्रमुख नाका 'रफाह' सीमित आवागमनका साथ सोमबारदेखि पुनः सञ्चालन हुने तयारीमा रहेको छ । दुई वर्षभन्दा बढी समयदेखि युद्ध र नाकाबन्दीको मारमा परेका गाजावासीहरूले आइतबार आशा र अधैर्यका साथ नाका पुनः खोल्ने तयारी अवलोकन गरेका छन् । इजरायलले हमाससँग भएको युद्धविराम कार्यान्वयनको प्रक्रियासँगै रफाह नाका पुनः खोलिने जनाएको हो ।इजरायली अधिकारीहरूका अनुसार प्रारम्भिक चरणमा अत्यन्तै सीमित सत्_यामा मानिसहरूलाई मात्र आवतजावतको अनुमति दिइनेछ । खान युनिसकी बासिन्दा घालिया अबु मुस्तफाले नाका खुल्नु सकारात्मक कदम भए पनि पार गर्न दिइने मानिसको सत्_या सीमित हुनु गम्भीर समस्या भएको बताउनुभयो।



इजरायलले नाका परीक्षणका रूपमा आंशिक रूपमा खोलिएको र सोमबारदेखि बासिन्दाहरूलाई पार गर्न अनुमति दिइने जनाएको छ । तर सुरुमा थोरै मानिसहरूलाई मात्र आवागमनको अनुमति हुनेछ । रफाहकी विस्थापित बासिन्दा सुहाइला अल-अस्तालले गम्भीर बिरामी छोरीलाई उपचारका लागि विदेश लैजान आवश्यक रहेको भन्दै नाका स्थायी रूपमा खुल्नुपर्ने माग गर्नुभयो।इजरायलको यो घोषणा युद्धविराम सुरु भएपछि भएको सबैभन्दा ठूलो हवाई आक्रमणको एक दिनपछि आएको हो । शनिबार भएको इजरायली आक्रमणमा बालबालिकासहित कम्तीमा ३० जना प्यालेस्टिनी मारिएका थिए। इजरायलले हमासले युद्धविराम उल्लंघन गरेको आरोप लगाएको छ।

यसैबीच, गाजाका लागि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा गठन गरिएको नयाँ 'शान्ति बोर्ड' का प्रमुख निकोले म्लादेनोभले सबै पक्षलाई संयम अपनाउन आग्रह गर्नुभयो। उहाँले गाजा प्रशासनका लागि चयन गरिएको नयाँ प्यालेस्टिनी समितिसँग मिलेर भविष्यमा यस्ता घटना रोक्ने उपाय खोजिरहेको बताउनुभएको छ।

### प्रारम्भिक चरणमा दैनिक सीमित आवतजावत

इजरायलले सन् २०२४ मेमा नियन्त्रणमा लिएपछि रफाह नाका प्रायः बन्द रहँदै आएको छ। हाल करिब २० हजार बिरामी प्यालेस्टिनी उपचारका लागि गाजा बाहिर जान पर्खिरहेका छन् भने युद्धका कारण बाहिर गएका हजारौं मानिस स्वदेश फर्कन चाहिरहेका छन्।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूका अनुसार प्रारम्भिक चरणमा दैनिक ५० जना गम्भीर बिरामीलाई उपचारका लागि बाहिर जान अनुमति दिइनेछ । प्रत्येक बिरामीसँग दुई जना आफन्त जान पाउनेछन् । साथै, युद्धका क्रममा गाजाबाट बाहिर गएका ५० जनालाई दैनिक फर्कन अनुमति दिइनेछ ।तर गाजा स्वास्थ्य मन्त्रालयका अधिकारी जाहर अल-वाहिदीले हालसम्म औपचारिक रूपमा चिकित्सकीय निकासी सुरु हुने सूचना नपाएको बताएका छन्।

इजरायल र इजिप्टले नाका पार गर्ने व्यक्तिहरूको सुरक्षा जाँच गर्नेछन् भने युरोपेली सङ्घका सीमा सुरक्षा अधिकारीहरूले प्रक्रियाको निगरानी गर्नेछन् । प्रणाली सफल भएमा यात्रुहरूको संख्या क्रमशः बढाइने बताइएको छ ।इजरायलले हालसम्म दुई दर्जनभन्दा बढी मानवीय संस्थालाई नयाँ नियम नमान्दा गाजामा काम गर्न प्रतिबन्ध लगाइसकेको छ । इजरायलले ती नियम हमासजस्ता सशस्त्र समूहहरू सहायता संस्थामा घुसपैठ रोक्नका लागि आवश्यक भएको दाबी गर्दै आएको छ। तर सहायता संस्थाहरूले यी प्रतिबन्धले गम्भीर मानवीय संकट झनै गहिरिने चेतावनी दिएका छन्।

### युद्धविराम र आगामी चरण

रफाह नाका युद्धअघि गाजाको मुख्य आवागमन मार्ग थियो । हाल युद्धविरामले सन् २०२३ अक्टोबर ७ मा सुरु भएको दुई वर्षभन्दा लामो इजरायल-हमास युद्ध रोकेको छ। उक्त हमलामा इजरायलमा करिब एक हजार २०० जनाको मृत्यु भएको थियो भने २५१ जनालाई बन्धक बनाइएको थियो।

गाजा स्वास्थ्य मन्त्रालयका अनुसार इजरायली प्रतिकारात्मक आक्रमणमा हालसम्म ७१ हजार ७९५ प्यालेस्टिनी मारिएका छन् । युद्धविरामको पहिलो चरणमा बन्धक र कैदी साटासाट, मानवीय सहायता वृद्धि तथा इजरायली सेना आंशिक रूपमा फिर्ता हुने व्यवस्था गरिएको छ ।दोस्रो चरण अझ जटिल मानिएको छ, जसमा गाजाको शासनका लागि नयाँ प्यालेस्टिनी समिति, अन्तर ार्ष्ट्रिय सुरक्षा बलको तैनाथी, हमासको निशस्त्रीकरण र पुनर्निर्माण प्रक्रिया सुरु गर्ने विषय समावेश छन्।

# हुलास फिनसर्भ हायर पर्चेजको खुद नाफा ९९.३३ प्रतिशत

**टुडे समाचारदाता**

काठमाण्डु । हुलास फिनसर्भ हायर पर्चेज लिमिटेडले दोस्रो त्रैमासिकमाखुद नाफा ९९ प्रतिशतले वृद्धि गरेको छ ।

आर्थिक वर्ष २०८२/८३ को २०८२ पुस ३० सम्मको दोस्रो त्रैमासिकमा खुद नाफा ९९.३३ प्रतिशत अर्थात १३ करोड ४४ लाख रुपैयाँ पुगेको कम्पनीले सार्वजनिक गरेको अनअडिटेड वित्तीय विवरणमा उल्लेख छ । जुन गत आर्थिक वर्षको सोही अवधिमा भने ६ करोड ७४ लाख मात्र थियो ।

त्यस्तै कम्पनीले कर्जा तथा अग्रिम पोर्टफोलियोसमेत दोब्बरभन्दा बढी विस्तार गरेको छ। वित्तीय विवरणअनुसार यस अवधिमा १० अर्ब ६४ करोड ८० लाख रुपैयाँ पुगेको छ, जुन गत वर्षको तुलनामा १०० प्रतिशतभन्दा बढीले वृद्धि भएको हो। ब्याज आम्दानी ४१ करोड ७७ लाख रुपैयाँ अर्थात २२०.०७ प्रतिशतले बढेको हो । लागत नियन्त्रण र जोखिम व्यवस्थापनमा सुधार गर्दै सञ्चालन नाफालाई २१ करोड ९९ लाख रुपैयाँसम्म पुर्यासएको वित्तीय रिपोर्टमा उल्लेख गरिएको छ।

नन-पर्फर्मिङ लोन अनुपात ४.६८ प्रतिशतबाट घटेर ३.०५ प्रतिशतमा झरेको छ। यसले सम्पत्तिको गुणस्तरमा पनि कम्पनीले सुधार भएको देखाएको छ । कम्पनीले भनेको छ, 'विगतभन्दा सुधारिएको रिकभरी प्रक्रिया र क्रेडिट अनुगमन प्रणाली महत्वपूर्ण भूमिका खेलेको छ, प्रमुख वित्तीय सूचकांकहरूमा पनि सकारात्मक सुधार आएको देखिएको छ।'

प्रतिशेयर आम्दानी ३२.३९ रुपैयाँ, इक्विटी प्रतिफल १६.५६ प्रतिशत र नेटवर्थ प्रतिशेयर खुद सम्पत्ति मूल्य १९५.६२ रुपैयाँ पुगेको छ। बाह्य अवरोध र चुनौतीहरूका बाबजुद पोर्टफोलियोमा गुणस्तर सुधार, सञ्चालन दक्षता र दिगो वृद्धिमा केन्द्रित हुँदै सफलता प्राप्त गर्न सफल भएको कम्पनीले जनाएको छ । सम्पत्तिको गुणस्तर थप बलियो, जिम्मेवार कर्जा विस्तार र सरोकारवालाको दीर्घकालीन हित संरक्षण गर्ने प्रतिबद्धतासमेत जनाएको छ ।

# नेपाल लाइफ कर्पोरेट एक्सिलेन्स अवार्ड २०२५ बाट सम्मानित




**टुडे समाचारदाता**

काठमाण्डु । नेपालको सर्वाधिक विश्वासिलो जीवन बीमा कम्पनी नेपाल लाइफ इन्स्योरेन्स कम्पनीलाई कर्पोरेट क्लब नेपालद्वारा आयोजित कार्यक्रममा २०२५ को लाइफ इन्स्योरेन्स विधामा द एचआरएम अवार्ड फोर कारपोरेट एक्सीलेन्स २०२५ अवार्डबाट सम्मान गरिएको छ ।

यस अवार्डका लागि मनोनित लाइफ इन्स्योरेन्स कम्पनीमध्येबाट नेपाल लाइफ यो अवार्डजित्न सफल भएको हो । काठमाडौंमा आयोजित भव्य समारोहका बीच नेपाल लाइफका प्रमुख कार्यकारी अधिकृत प्रवीण रमण पराजुली र नायव प्रमुख कार्यकारी अधिकृत अमित कुमार कयालले उक्त सम्मान ग्रहण गर्नु भएको छ ।

नेपाली बीमा कम्पनीहरुको वित्तीय विवरण, सूचांकहरु, सुशासन दावी भुक्तानीको अनुपात,चुक्तापुंजी, प्रथम बीमा शुल्क आर्जन, कम्पनीद्वारा मानव संसाधनको विकासमा गरिएको लगानी, लगानी विविधिकरणमा गरिएका कार्यहरु, अटोमोसन र डिजिटल ट्रान्सफोरमेसनको क्षेत्रमा गरिएका कार्यहरु, संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गरिएका कार्यक्रमहरु जस्ता मापदण्डहरुलाई मुल्यांकन गर्दै नेपाल लाइफ इन्स्योरेन्स कम्पनीलाई यो सम्मान प्रदान गरिएको हो । कम्पनीको कार्य कुशलता, प्रभावकारीता एवम् पारदर्शी नीति तथा योजना, आम जनमानसको विश्वसनीयता र लोकप्रियता तथा चुस्त, सहज र विस्तारित सेवा प्रवाहको आधारमा सर्वोत्कृष्ट रहँदै कार्यसम्पादन गरेकाले कम्पनीलाई उक्त अवार्डबाट सम्मानित गरिएको हो ।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रवीण रमण पराजुलीले अवार्डबाट सम्मानित भएको सुखद अवसरमा सफलताको श्रेय संचालक समितिका अध्यक्ष तथा सदस्यहरु,सम्पूर्ण कर्मचारीवर्ग, अभिकर्तावर्ग, नियामक निकाय, शेयरधनी महानुभावहरु तथा नेपाल लाइफसँग आवद्ध समस्त मूल्यवान ग्राहकमहानुभावहरुलाई प्रदान गर्दै सफलताको बाटोमा अग्रसर रहन प्रेरित गर्ने सबैमा हार्दिक आभार प्रकट गर्नुभएको छ ।

यसरी नै सामुहिक सहकार्य गर्दै जीवन बीमाको महत्व तथा यसको उपयोगिताको बारेमा अझै प्रभावकारी ढंगले नेपाली समाजलाई जागृत गराउँदै बीमाको लागि प्रोत्साहन गराउने कार्यमा नेपाल लाइफलाई अगाडि बढ्न सदैव हौसला मिल्ने अपेक्षा रहेको बताउनु भयो ।

# मूल्य पाइने आशामा बोटमै जुनार



मन्थली । मुलुक चुनावी माहोलले तात्तिएको छ। तर यहाँका किसानलाई जुनारको चिन्ता छ । यहाँको रामेछाप नगरपालिका-७ ओखेनीका जुनार कृषकहरु जुनारको मूल्य कहिले पाइएला भन्ने चिन्तामा छन् ।

विगतको तुलनामा यसवर्ष जुनार उत्पादनमा केही कमी आए पनि बेमौसममा बिक्री गर्दा राम्रो मुल्य आउने आशामा उनीहरु छन् । उनीहरुले अझै जुनार र सुन्तला बोटमै राखेका छन् । मुख्य गरी मङ्सिरदेखि माघको पहिलो हप्ताभित्र जुनार टिपिसक्ने मौसम हो, तर केही जुनार कृषकले जुनार बिक्री गरिसके पनि ओखेनीका अधिकांश किसानले राम्रो मूल्य पाइन्छ कि भन्ने आशामा बगैँचामै राखेका हुन् । करिब पाँच सय बोटमा फलेको आफ्नो बगैँचाको जुनार राम्रो भाउ पाएपछि बिक्री गर्ने योजनामा अहिलेसम्म नटिपेको स्थानीय जुनार कृषक हिमाल तामाङले बताउनुभयो । उहाँले भन्नुभयो, "हामीलाई अहिले चुनावको रौनकभन्दा बोटैमा पाकेको जुनारको मूल्य कहिले पाइएला भन्ने चिन्ताले सताएको छ।"

यसवर्ष गत असोज र कात्तिकमा परेको लगातारको वर्षाका कारण उत्पादनमा केही गिरावट आएको छ । गत मङ्सिर पुसतिर बगैँचाबाट बिक्री गर्दा ५० रुपैयाँ किलो मात्र पाएकोमा अब बेच्दा भने जुनार दानाको आकार हेरेर ६० देखि ९० रुपैयाँ प्रतिकिलो बिक्री हुने स्थानीय कृषक दिलमाया तामाङले बताउनुभयो । उहाँले भन्नुभयो, "आफूले जति पछि बेच्यो त्यति बढी पैसा आउने आशाले अहिलेसम्म पनि जुनार बोटमै राखेका छौँ, तर अब प्रतिकिलो ६०-७० मा बिक्री गर्ने तयारी छ।"

जुनारले बिरुवा रोपेको दुईदेखि तीन वर्षदेखि उत्पादन दिन सुरु गर्छ । जुनार बगैँचाभित्र भटमास, लसुन, प्याज, काउली, बन्दालगायतका कोसे तथा तरकारीबालीहरु पनि लगाएरका कृषकले दोहोरो आम्दानी लिने गरेका छन् । आफूले पनि सिजन अफ भएपछि बिक्री गर्दा राम्रो मूल्य पाइने आशामा जुनार बिक्री नगरेको अर्का कृषक गिरीराज तामाङले बताउनुभयो ।

जुनारबाट जाम, जुस र अन्य पेयपदार्थसमेत बनाएर बिक्री गर्ने गरिएको छ । जुनारको बजारको समस्या भने खासै नभएको रामेछाप नगरपालिका-७ सुकाजोरका कृषक रामकुमार कार्कीको भनाइ छ । बेमौसममा मूल्य पाइनु स्वाभाविक भए पनि माघमहिनाको अन्तिम सातादेखि फागुनको पहिलो सातासम्मा जुनार फुल्ने भएकाले मूल्य आउने आशामा बोटमै राख्न राम्रो नहुने जुनार जोन समन्वय समितिका प्राविधिक बताउँछन् । जुनारमा फूल फुल्ने बेलासम्म बोटमै जुनार राख्दा अर्को वर्षका लागि फुल्ने फूललाई असर गर्ने भएको छ ।रासस

# चुनावी घोषणपत्रमा समेटिएला नदी संरक्षणका मुद्दा ?




गण्डकी । नदी संरक्षण अभियन्ताहरूले अनियन्त्रित दोहन र अतिक्रमणको चपेटमा परेका नदीनाला संरक्षणको मुद्दालाई राजनीतिक दलका चुनावी घोषणापत्रमा प्राथमिकता दिन दबाब बढाएका छन् । अमूर्त चुनावी नारा नभई जलसम्पदा जोगाउने स्पष्ट नीति र दृष्टिकोणसहित कार्यान्वयनमुखी घोषणापत्र ल्याउनुपर्ने उनीहरूको माग छ ।

नदी संरक्षण अभियन्ता मेघ आलेले नदीनालाको हकअधिकारलाई कानुनी रूपमा स्थापितगर्नुपर्नेबताउनुभयो।राजनीतिक दलका चुनावी घोषणापत्रमा नदी संरक्षणको मुद्दा समेटिनुपर्नेलगायत माग राख्दै उहाँ विगत आठ दिनदेखि काठमाडौँको माइतीघरमा अनशनरत हुनुहुन्छ। "सातै प्रदेशमा रहेका मुख्य नदी-प्रणालीलाई संरक्षित क्षेत्र घोषणा गर्नुपर्छ, नदी संरक्षणसम्बन्धी छुट्टै कानुन चाहिन्छ", उहाँले भन्नुभयो, "नदीलाई मानवीय अतिक्रमण र प्राकृतिक प्रकोपटबाट जोगाउन नसके ठूलो पर्यावरणीय सङ्कट निम्तिन्छ।"

नदीमा आधारित स्रोत बेचेर धनी हुने सोच नराख्न उहाँले राजनीतिक दल र नीति निर्माताहरूलाई आग्रह गर्नुभयो । अभियन्ता आलेले सभ्यता बोकेको कर्णाली नदीलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न सरकारले पहल लिनुपर्ने बताउनुभयो । कालीगण्डकी, कोशीलगायत मुख्य नदी-प्रणालीको प्राकृतिक बहावलाई कुनै पनि बहानामा अवरोध गर्न नहुने उहाँको भनाइ छ । "बाघ संरक्षणमा जसरी नेपालले अन्तरराष्ट्रिय जगतमै नमूनायोग्य काम गऱ्यो, त्यसरी नै नदी जोगाउने नीति र कार्यक्रम चाहिएको छ", अभियन्ता आलेले भन्नुभयो ।

उहाँले नदीका नाममा राष्ट्रिय निकुञ्ज र संरक्षित क्षेत्र घोषणा गर्नुपर्नेमा जोड दिनुभयो । पोखराको सेती नदीमा पर्यटकीय गतिविधि सञ्चालनका लागि प्रचुर सम्भावना रहेको अभियन्ता आलेले औंल्याउनुभयो । 'कालीगण्डकी बचाऔँ' अभियानका संयोजक आरके अदीप्त गिरीले राजनीतिक दलका घोषणापत्रमा वातावरणीय मुद्दा छिटपुट रूपमा उठ्न थाले पनि तिनको कार्यान्वयनमा स्वयं दलहरू नै उदासिन देखिएको बताउनुभयो ।

"चुनावी घोषणापत्र खाली विकासे नारामा मात्र केन्द्रित छन्, जल, जमिन र जङ्गलको मुद्दा सधैँ उपेक्षामा पर्ने गरेको छ", उहाँले भन्नुभयो, "पृथ्वीले भोगिरहेको पर्यावरणीय सङ्कटलाई राजनीतिक दल र उम्मेदवारले अनदेखा गर्न मिल्दैन ।" नीति निर्माणसँगै त्यसलाई कार्यान्वयन गर्ने जवाफदेही नेतृत्व नभएसम्म वातावरणीय न्यायको मुद्दा कमजोर बनिरहने संयोजक गिरीले बताउनुभयो । "नदीनालालगायत प्राकृतिक स्रोतको उपयोग कसरी गर्ने भन्ने न्यूनतम हेक्का पनि नहुँदा आज ठूलाठूला वातावरणीय सङ्कटहरू निम्तिइरहेका छन्", उहाँले भन्नुभयो, "मानव सभ्यताको विकास नै नदी किनारबाट भएको हो, आज तिनै नदी चरम दोहन र अतिक्रमणको चपेटामा छन् ।"

मध्यनेपालको प्रमुख नदी-प्रणाली कालीगण्डकी संरक्षणका लागि अभियानले विगतदेखि नै आवाज उठाउँदै आएको संयोजक गिरीले बताउनुभयो । "नदी संरक्षणको मुद्दामा दलहरूको दृष्टिकोण के हो ? नीति के हो ? संरक्षणको के योजना छ ? यी विषय दलका चुनावी घोषणापत्रमा स्पष्ट रूपमा आउनुपर्छ र मतदाताले पनि यो विषयमा निरन्तर खबरदारी गर्नु जरुरी छ", उहाँले भन्नुभयो ।

मानवीय अतिक्रमणबाट मुक्त गरी कालीगण्डकीलाई प्राकृतिक लयमा फर्काउन अभियानले रचनात्मक दबाब बढाउँदै आएको छ। छ वर्षअघि जन्मेको अभियानले केही वर्षअघि 'नदी सप्तक' कविता शृत्त ला सञ्चालन गरेको थियो । कालीगण्डकी संरक्षण अभियानमा टेवा दिन गायक कर्ण दासको स्वरमा 'ए कालीगण्डकी' गीत पनि सार्वजनिक गरिएको थियो ।रासस


## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा
## म्याद तामेली सम्बन्धी 30 पैतिस दिने सार्वजनिक सूचना

उपरोक्त सम्बन्धमा जि.धनुषा. गा.वि.स. सखुवा महेन्द्रनगर वार्ड नं.४ हाल क्षिरेश्वर न.पा. वार्ड नं.४ मा बस्ने फेकु कवारीको नाति हुसेनी कवारीको छोरा हमिद कवारी वादी र जि.ध.अन्दुपट्टी गा.वि.स. वार्ड नं.३ हाल मिथिला विहारी न.पा. वार्ड नं.९ मा बस्ने सेलो कुमारी यादव प्रतिवादी भएको मि.नं.४५ डा.मि. २०८०/११/०६ को मोही नामसारी मुद्दामा विपक्षी ज.ध.को नाउँमा दर्ता कायम रहेको जि.ध. सखुवा गा.वि.स. वडा नं.५ को कि.नं.८९ को नाउँमा वेपते म्याद तामेल भएको देखिँदा मुलुकी देवानी कार्यविधि संहिता र विशेष अदालत ऐन, २०५९ को दफा १० (९) बमोजिम राष्ट्रिय स्तरको दैनिक पत्रिकामा म्याद सरहको सूचना जारी गर्नु भनि मिति २०८२/०२/१२ गतेमा भएको आदेशानुसार जग्गा धनीको ज.ध. श्रेस्ता पूर्जामा उल्लेखित वतन जिल्ला धनुषा अन्दुपट्टी-३ हाल मिथिला विहारी वार्ड नं.९ मा बस्ने गोपालजी यादवको बुहारी दुलार यादवको पत्नी शेलो कुमारी यादव नाउँमा जारी भएको १५ पन्ध्र दिने म्याद म वेपते म्याद तामेली भई आएको सो मुदामा कारवाहीको सिलसिलमा मिति २०८२/०२/१२ मा भएको आदेशानुसार विपक्षी जग्गा धनी शेलो कुमारी यादवको नाउँमा यो ३५पैतिस दिने सार्वजनिक सूचना प्रकाशित हुने कार्य भएको छ । अतः विपक्षी जग्गा धनी शेलो कुमारी यादवको नाउँमा दर्ता कायम रहेको जिल्ला धनुषा गा.वि.स. सखुवा महेन्द्रनगर अन्तर्गतका तपसिल बमोजिमको कित्ता जग्गा मोही नामसारी गरी पाउँ भनि दावी वेहोराको नालिश दिएको हुँदा निज जग्गा धनी भए निज स्वयम् वा निजको एका संगोल परिवारका नजिकका हकदारहरु कोही रहे भएको भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५पैतिस दिन भित्र आफ्नो लिखित जवाफ/प्रतिउतर लिई आफै वा वारेश मुकरर गरी पठाई कानून बमोजिम हाजिर हुन आउनु होला म्याद भित्र नआएमा वा म्याद गुजारी बसेमा कानून बमोजिम जग्गा मोही नामसारी भई हुनेछ पछि कुनै उजुर बाजुर लाग्ने छैन भनि जानकारीका लागि ३५पैतिस दिने म्याद सरहको यो सार्वजनिक सूचना प्रकाशित गरिएको व्यहोरा सादर अनुरोध छ ।

**तपसिल**

| सि.नं. | जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| १. | धनुषा | सखुवा | ५क | ८९ | ०-४-१०-० |



## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/१०/२० गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय वीरगंज, पर्साबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम विक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको नाम, ठेगाना | |
|---|---|---|
| १. | **नाम : मुकेश महतो**<br>ना.प्र.नं. ३४१००४/१३९, जि.प्र.का. पर्सा, जारी मिति : २०६५/०३/०९<br>बाबुको नाम : रमन महतो धानुक, बाजेको नाम : रघुनाथ महतो धानुक<br>ठेगाना : पर्सा जिल्ला, वगही वडा नं. ७, हाल : पर्सा जिल्ला, वीरगंज वडा नं. २८ | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : रमन महतो धानुक**<br>ना.प्र.नं. ०४४६१९२३, जि.प्र.का. पर्सा<br>जारी मिति : २०४६/१/१४<br>बाबुको नाम : रघुनाथ महतो धानुक<br>बाजेको नाम : हुसेन महतो<br>ठेगाना : पर्सा जिल्ला, वगही वडा नं. ७<br>हाल : पर्सा जिल्ला, वीरगंज वडा नं. २८ | **२. नाम : बबिता देवी**<br>ना.प्र.नं. ३४-०१-७३-००७५४, जि.प्र.का. पर्सा<br>जारी मिति : २०७३/०१/२१<br>पतिको नाम : मुकेश महतो<br>ससुराको नाम : रमन महतो धानुक<br>ठेगाना : पर्सा जिल्ला, वगही वडा नं. ७<br>हाल : पर्सा जिल्ला, वीरगंज वडा नं. २८ |
| | **३. नाम : सुरसतीया देवी**<br>ना.प्र.नं. ०४४६१९३८, जि.प्र.का. पर्सा, जारी मिति : २०४६/०१/१४<br>पतिको नाम : रमन महतो धानुक, ससुराको नाम : रघुनाथ महतो धानुक<br>ठेगाना : पर्सा जिल्ला, वगही वडा नं. ७, हाल : पर्सा जिल्ला, वीरगंज वडा नं. २८ | |
| | **धितोको विवरण** | |
| | धनी ज्योति विकास बैंक भई ऋणी मुकेश महतोको नाममा यातायात व्यवस्था कार्यालय वीरगंज, पर्सामा दर्ता कायम रहेको सवारी नं. प्रदेश २-०३-००१ च ४३४२, च्यासिस नं. MAT464602MSR07414, इन्जिन नं. 4SPCR10EYX617854 को XENON YODHA रहेको सवारी साधन थान १ । | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : वीरगंज, पर्सा, फोन नं. ०५१-५२४८३६
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np



## कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति : २०८२/१०/२० गते

यस बैंकको तपशिलको ऋणी संस्थाले **बर्दिवास शाखा**बाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ कुनै तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्न आउने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्बन्धीत ऋणी संस्था र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ । सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋणी संस्थाको पदाधिकारीहरु तथा जमानीकर्ताहरुको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कालो सूचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराइन्छ ।

**ऋणी संस्थाको नाम : पशुपतिनगर सामाजिक उधमी महिला सहकारी संस्था लि.**
**रजिष्टर्ड ठेगाना : पशुपतिनगर-४, महोत्तरी हालको ठेगाना : बर्दिवास न.पा.-९, महोत्तरी, दर्ता नं: १६४७/२०७१/७२**

कर्जा उपभोग गर्दाको संचालक तथा जमानीकर्ताको विवरण

| | |
|---|---|
| **१) नाम : लक्ष्मी कुमारी आले (अध्यक्ष जमानीकर्ता)**<br>बाबु : उत्तम बहादुर राना<br>पति : भिम बहादुर आले<br>बाजे : दलमान सिंह राना मगर<br>ना प्र नं. : १८७०७३०६२१<br>ठेगाना : पशुपनिनगर-६, महोत्तरी | **९) नाम : शिव कुमारी देवी कोइरीन (संचालक तथा जमानीकर्ता)**<br>बाबु : राम बहादुर कोइरीन<br>पति : रामपवन महतो<br>बाजे : रामसुव महतो<br>ना.प्र.नं : १८३०६२/३२५<br>ठेगाना : पशुपनिनगर-१, महोत्तरी |
| **२) नाम : रिता देवी महतो (उपाध्यक्ष जमानीकर्ता)**<br>बाबु : ज्ञानी महतो<br>पति : सत्यनारायण महतो<br>बाजे : कामेश्वर महतो<br>ना.प्र.नं :१८-२-०६२/२३३<br>ठेगाना : पशुपनिनगर-१, महोत्तरी | **१०) नाम : फुल कुमारी महतो (संचालक तथा जमानीकर्ता)**<br>बाबु : देव नारायण महतो<br>पति : उपिन्द्र महतो<br>बाजे : असरफि महतो<br>ना.प्र.नं : १८-३०-६२/४१<br>ठेगाना : पशुपनिनगर-४, महोत्तरी |
| **३) नाम : विना देवी (कोषाध्यक्ष जमानीकर्ता)**<br>बाबु : कुन्जीलाल महतो<br>बाजे : गभु महतो<br>पति : भौदार महतो<br>ना.प्र.नं : १८३०६२/५०५<br>ठेगाना : पशुपनिनगर-३, महोत्तरी | **११) नाम : लालवति कुमारी देवी (संचालक तथा जमानीकर्ता)**<br>बाबु : धुरन महतो<br>पति : श्रवण कुमार महतो<br>ना.प्र.नं : १८३०६२/२५५<br>ठेगाना : पशुपनिनगर-६, महोत्तरी |
| **४) नाम : तारा देवी (सचिव जमानीकर्ता)**<br>बाबु : लालदेव महतो<br>पति : विसुनदेव महतो<br>ना.प्र.नं : १८३०६२/२५७<br>ठेगाना : पशुपनिनगर-१,महोत्तरी | **१२) नाम : रामकुमारी देवी (संचालक तथा जमानीकर्ता)**<br>बाबु : रामवृक्ष ठाकुर<br>पति : रामलक्ष्मण ठाकुर<br>बाजे : महादेव ठाकुर<br>ना.प्र.नं : १८३०६२/४४३<br>ठेगाना : पशुपनिनगर-६, महोत्तरी |
| **५) नाम : लिला कुमारी (स सचिव जमानीकर्ता)**<br>बाबु : गंगा प्रसाद महतो<br>बाजे : किसुनलाल महतो<br>पति : राजेन्द्र महतो<br>ना.प्र.नं : ७०७३०५९२<br>ठेगाना : बर्दिवास -९, महोत्तरी | **१३) नाम : शोसिला देवी (संचालक तथा जमानीकर्ता)**<br>बाबु : देवकान्त महतो कोइरी<br>पति : नरेन्द्र कुमार महतो<br>ना.प्र.नं : १८३०६२/२४९<br>ठेगाना : पशुपनिनगर-२, महोत्तरी |
| **६) नाम : सुमित्रा माया मगर्नी (संचालक तथा जमानीकर्ता)**<br>बाबु : कृष्ण बहादुर आले<br>बाजे : बलिमान आले<br>ना.प्र.नं : ५९७०३७११७७<br>ठेगाना : पशुपतिनगर-६, महोत्तरी | **१४) नाम : गीता देवी मण्डल (संचालक तथा जमानीकर्ता)**<br>बाबु : बलदेव मण्डल<br>पति : रामविनोद मण्डल<br>बाजे : कालि मण्डल<br>ना.प्र.नं : १८३०६२/४६१<br>ठेगाना : पशुपनिनगर-५, महोत्तरी |
| **७) नाम : गुलो देवी महरा (संचालक तथा जमानीकर्ता)**<br>बाबु : मुखलाल महरा<br>पति : सुकदेव महरा<br>बाजे : दशै महरा<br>ना.प्र.नं : १८-०१-७१-०५५१२<br>ठेगाना : पडौल-२, महोत्तरी | **१५) नाम : शिवो देवी कोइरिन (संचालक)**<br>बाबु : झपसु महतो<br>पति : नन्दु महतो कोइरी<br>ना.प्र.नं : १८३०६२/५९२<br>ठेगाना : पशुपनिनगर-३, महोत्तरी |
| **८) नाम : रीता देवी (संचालक तथा जमानीकर्ता)**<br>बाबु : रामचन्द्र महतो<br>पति : दुखहावा महतो<br>बाजे : भदै महतो<br>ना.प्र.नं : ३०२/०५७/५८<br>ठेगाना : पशुपनिनगर-९, महोत्तरी | **१६) नाम : गिता कुमारी वि.क. (व्यवस्थापक)**<br>बाबु : छविलाल वि.क.<br>पति : संजिप कुमार विश्वकर्मा<br>ना.प्र.नं : १७३०४४/५९४<br>ठेगाना : बर्दिवास-९, महोत्तरी |

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, फोन: ०१-५१८०१८२, Web : www.ncbl.coop

# सरकारी पोखरी व्यक्तिगत बनाएपछि तीन जनामाथि भ्रष्टाचार मुद्दा

**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरीको जलेश्वरस्थित भूमिसुधार तथा मालपोत कार्यालयका कर्मचारीहरूको मिलेमतोमा सरकारी सार्वजनिक जग्गा (पोखरी) व्यक्तिको नाममा दर्ता गरेको अभियोगमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ। साविक इटहर्वाकट्टी गाविस-३ (हाल मनरा सिसवा नगरपालिका-२) स्थित कित्ता नम्बर १२७ को ५ कट्ठा १२ धुर जग्गा गैरकानुनी रूपमा व्यक्तिको नाममा पुऱ्याएको ठहर गर्दै आयोगले सोमबार आरोपपत्र दायर गरेको हो।

स्रेस्ता केरमेट गरी सरकारी जग्गा हिनामिना आयोगका अनुसार नापीका बखत फिल्डबुकमा 'पर्ती प्रमाणित' र विरहमा 'पोखरी' उल्लेख भएको उक्त सरकारी जग्गालाई मालपोतका कर्मचारीहरूले राजिवकुमार ठाकुरको नाममा दर्ता गरिदिएका थिए। अनुसन्धानका क्रममा उक्त जग्गा कुन विधि र प्रक्रियाबाट ठाकुरको नाममा आएको हो भन्ने कुनै आधार प्रमाण फेला परेको छैन। कर्मचारीहरूले मालपोतको मूल मोठ स्रेस्तामा अनाधिकार रूपमा सच्याउने, केरमेट गर्ने र थपघट गरी २०८० साउन ८ गते मात्रै कम्प्युटर प्रणालीमा प्रविष्ट गरेको पाइएको छ।

सरकारले छुट जग्गा दर्ताको कुनै सूचना वा निर्णय नगरेको अवस्थामा पनि नासु परमानन्द साह र कम्प्युटर अपरेटर रविन्द्रकुमार सिंहले आपसी मिलेमतोमा जग्गाधनी स्रेस्ता र पुर्जा तयार गरेको अख्तियारको निष्कर्ष छ।बिगो र सजायको मागदाबी भूमिसुधार तथा मालपोत कार्यालय जलेश्वरको पत्र अनुसार उक्त जग्गाको न्यूनतम मूल्याङ्कन प्रति कट्ठा ३ लाखका दरले जम्मा १७ लाख २५ हजार रुपियाँ कायम गरिएको छ। सोही रकमलाई बिगो मान्दै आयोगले नासु परमानन्द साह र कम्प्युटर अपरेटर रविन्द्रकुमार सिंहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८, ९ र ११ बमोजिम कैद र बिगो बमोजिम जरिवानाको सजाय माग गरेको छ।

यस्तै, सरकारी जग्गा आफ्नो नाममा कायम गरी लाभ लिने राजिवकुमार ठाकुरलाई पनि मुख्य कसुरदार सरह नै सजाय र बिगो असुल उपरको माग दाबी लिइएको आयोगका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिए। अख्तियारले सरकारी सार्वजनिक सम्पत्तिमाथि दूषित मनसाय राखेर स्रेस्ता हेरफेर गर्ने र गलत लिखत तयार पार्ने कार्यमा संलग्नहरूमाथि कडा कारबाहीको माग गर्दै विशेष अदालतमा मुद्दा दायर गरेसँगै यो प्रकरणले महोत्तरीको मालपोत प्रशासनमा हलचल पैदा गरेको छ।

# महोत्तरीमा हातहतियार बुझाउने क्रम जारी

**टुडे समाचारदाता**

महोत्तरी । जिल्ला प्रशासन कार्यालय महोत्तरीले प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गरि ईजाजत प्राप्त हातहतियार बुझाउन गरेको आग्रहको करिब एक महिनामा २३ थान मात्रै हतियार बुझाइएको छ ।जिल्ला प्रशासन कार्यालय महोत्तरीले पुस २९ गते एक सूचना जारी गर्दै प्रतिनिधिसभा निर्वाचनको लागि आफुसँग भएको इजाजतप्राप्त हातहतियार बुझाउन आग्रह गरेको थियो ।




फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष, शान्तिपूर्ण तथा भयरहित वातावरणमा सम्पन्न गराउने उद्देश्यले प्रशासन गरेको आग्रहपछि अहिलेसम्म २३ जनाले मात्रै हतियार बुझाएको महोत्तरीका प्रमुख जिल्ला अधिकारी ईन्द्रदेव यादवले जानकारी दिए।

प्रमुख जिल्ला अधिकारी यादवले १५ दिन भित्र जिल्ला प्रहरी कार्यालय महोत्तरीमा ईजाजतपत्र प्राप्त हातहतियार बुझाउन आग्रह गरेवमोजिम अहिलेसम्म २३ जनाले मात्रै हतियार बुझाएको बताए। महोत्तरी जिल्लामा ३१४ थान विभिन्न किसिमको हतियार ईजाजतप्राप्त रहेको जिल्ला प्रशासन कार्यालय महोत्तरीले जनाएको छ।

निर्वाचनको सुरक्षा संवेदनशिलतालाई हेर्दे जिल्ला प्रहरी कार्यालय वा नजिकको प्रहरी इकाई कार्यालयमा इजाजतप्राप्त हतियार बुझाउन आग्रह गरिए वमोजिम हतियार बुझाइएको र अहिले पनि हतियार बुझाउन सकिने जनाइएको छ।

तोकिएको समयमा हातहतियार नबुझाए वा अटेर गरेमा प्रचलित कानुन बमोजिम हातहतियार जफत गर्नुका साथसाथै कानूनी कारवाही समेत अगाडी बढाइने भएकोले हतियार बुझाउन जिल्ला प्रशासन कार्यालयले पुनः आग्रह गरेको छ। जिल्ला प्रशासन तथा प्रहरीमा बुझाइएका हातहतियार निर्वाचन सम्पन्न भएपछि सम्बन्धित धनीलाई फिर्ता गरिने र ती हातहतियार सुरक्षित रूपमा राखिने पनि प्रजिअ यादवले बताए।

महोत्तरीमा १६३ मतदानस्थललाई अतिसंवेदनशील, ८९ लाई संवेदनशील मानेर सुरक्षा अवस्थाको बर्गिकरण गरिएको छ भने भदौमा जेनजी आन्दोलनमा जिल्ला कारागार महोत्तरीबाट फरार भएका धेरै कैदीवन्दी अहिलेसम्म पनि फिर्ता आउन नसकेको देखिएको छ।

महोत्तरी जिल्लामा प्रतिनिधिसभा निर्वाचनको लागि चारवटा क्षेत्रहरुमा २५८ मतदानस्थल र ५३६ मतदान केन्द्र थपिएको छ। जसमा चारवटा अस्थायी मतदान केन्द्र समेत रहेका छन्।विगत २०७९ सालमा भएको प्रतिनिधिसभा निर्वाचनको समयमा महोत्तरीमा ४९९ मतदान केन्द्र तथा २५८ मतदानस्थल रहेको थियो जिल्ला निर्वाचन कार्यालय महोत्तरीका सूचना अधिकारी राकेश ठाकुरले जानकारी दिए। उनले यसपालिको निर्वाचनको लागि महोत्तरीमा महोत्तरीमा ३४ हजार २५२ मतदाता थपिएको जानकारी समेत दिए।

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि २ लाख ३५ हजार १८३ पुरुष, १ लाख ९६ हजार ९७ महिला गरी कुल ४ लाख ३१ हजार २८२ मतदाताले मत खसाल्न पाउने जनाएको छ। २०७९ सालमा भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा महोत्तरीमा ३ लाख ५७ हजार ३० मतदाता रहेको थियो। जिल्लामा सुरक्षा व्यवस्थापनको लागि निर्वाचन प्रहरीको तालिम समेत शुरु गरिसकिएको छ।

# सर्लाहीमा पहिलो पटक आमाको नामबाट नागरिकता प्रदान



**टुडे समाचारदाता**

मलंगवा । जिल्ला प्रशासन कार्यालय सर्लाहीले आमाको नामबाट नागरिकता वितरण गर्न सुरु गरेको छ।

सोमबार लालबन्दी नगरपालिका-७, का राम मनोहर गुप्तालाई जिल्लामै पहिलो पटक आमाको नामबाट नागरिकता प्रदान गरिएको हो । सर्लाहीका प्रमुख जिल्ला अधिकारी रामु राज कडरियाले हस्ताक्षर गरेर गुप्तालाई आमाको नामबाट अङ्गीकृत नागरिकता प्रदान गरेका हुन्।

गुप्ताकी आमा रामकुमारी साहले भारत बिहारका महेन्द्रप्रसाद गुप्तासँग विवाह गरेकी थिईन्। नेपाल नागरिकता ऐन, २०६३ दोस्रो संशोधन र नागरिकता नियमावली, २०६३ चौंथो संशोधनको आधारमा बाबु विदेशी र आमा नेपाली भएकाले गुप्तालाई आमाकै नामबाट अङ्गीकृत नागरिकता वितरण गरिएको हो।

आवश्यक प्रक्रिया र कागजात पुगेकाहरुले अब यसैगरी सदरमुकाम मलंगवास्थित जिल्ला प्रशासन कार्यालयमा आएर आमाको नामबाट नागरिकता बनाउन सक्ने प्रमुख जिल्ला अधिकारी कडरियाले बताए। उनका अनुसार लालबन्दी ७ का गुप्ताले जिल्लामै पहिलो पटक आमाको नामबाट नागरिकता माग गर्दै निवेदन दिएका र वडा कार्यालय, स्थानीय प्रहरीलगायतबाट सबै प्रक्रिया पुरा गराइ नागरिकता उपलब्ध गराइएको हो।

इलाका प्रशासन कार्यालय हरिवन र बरहथवाबाट समेत नियमित नागरिकता प्रदान हुने गरेको भए पनि अङ्गीकृत नागरिकतामा प्रमुख जिल्ला अधिकारीको मात्र हस्ताक्षर हुने कानूनी व्यवस्था रहे अनुसार जिल्लामा आमाको नामबाट नागरिकता लिने व्यक्ति जिल्ला प्रशासन कार्यालयमै आउनुपर्ने प्रमुख जिल्ला अधिकारी कडरियाको भनाइ छ।

नागरिकता नियमावलीमा आमाको नामबाट नागरिकता प्राप्त गर्न अपनाउनुपर्ने प्रक्रियाबारे जिल्लाका २० वटै पालिकामा परिपत्र गरिएको जिल्ला प्रशासन कार्यालय सर्लाहीले जनाएको छ।

# चुनावी सम्पर्क कार्यालय स्थापना

**टुडे समाचारदाता**

रौतहट । जनता समाजवादी पार्टी नेपाल (जसपा)ले प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गरि रौतहटको सदरमुकाम गौरमा चुनावी सम्पर्क कार्यालय स्थापना गरेको छ। क्षेत्रीय चुनावी गतिविधि तीव्र बनाउने उद्देश्यले स्थापना गरिएको उक्त कार्यालयबाट अब संगठित रूपमा प्रचार-प्रसार र जनसम्पर्क अभियान सञ्चालन गरिने पार्टीले जनाएको छ।




सो क्रममा रौतहट क्षेत्र नम्बर १ का प्रतिनिधिसभा उम्मेदवार योगेन्द्र यादवले क्षेत्रका लागि आफ्ना प्रमुख चुनावी प्राथमिकताहरू सार्वजनिक गरे । उनले जसपा नेपाल स्पष्ट एजेन्डा, फरक राजनीतिक पहिचान र जनताका वास्तविक समस्यामा केन्द्रित कार्यक्रमसहित चुनावमा सहभागी भएको बताए । यादवले पार्टी अध्यक्ष उपेन्द्र यादव तथा वरिष्ठ नेता महन्थ ठाकुरको नेतृत्वमा देशमा स्वाभिमान, सम्मान र समानतामूलक राजनीतिक व्यवस्था स्थापनाका लागि पार्टी निरन्तर संघर्षरत रहेको उल्लेख गरे। उनले परम्परागत नाराभन्दा परिणाममुखी काममार्फत जनताको विश्वास जित्ने लक्ष्य रहेको बताए।

उम्मेदवार यादवका अनुसार क्षेत्र नम्बर १ को पहिलो प्राथमिकता बाढी नियन्त्रण हो। पूर्वतर्फ बागमती नदी, पश्चिमतर्फ लालबकैया नदी र बीचमा पर्ने झाँझ नदीका कारण वर्षेनी हुने डुबान र कटानले ठूलो क्षति पुग्दै आएको भन्दै उनले तटबन्ध मर्मत, सुदृढीकरण तथा नयाँ संरचना निर्माणलाई विशेष योजनासहित अगाडि बढाइने बताए। बाढी समस्याको स्थायी समाधानका लागि संघीय तहबाट आवश्यक बजेट र प्राविधिक सहयोग सुनिश्चित गर्ने प्रतिबद्धता उनले व्यक्त गरे।

दोस्रो प्राथमिकतामा शिक्षा क्षेत्र सुधारलाई राखिएको उनले बताए। संघीय राजधानी नजिकैको क्षेत्र भएर पनि शिक्षा प्रणाली अपेक्षाअनुसार सुदृढ हुन नसकेको टिप्पणी गर्दै उनले विद्यालयको भौतिक पूर्वाधार, शिक्षण गुणस्तर र पाठ्यक्रम सुधारमा ध्यान दिइने बताए। युवामुखी, सीपमा आधारित र रोजगारीसँग जोडिएको शिक्षा प्रणाली विकास गर्ने योजना रहेको उनको भनाइ थियो।

तेस्रो प्राथमिकताका रूपमा रोजगारी सिर्जनालाई अघि सार्दै यादवले क्षेत्र नम्बर १ मा आधुनिक उद्योग स्थापना गरी कम्तीमा १० हजार रोजगारी सिर्जना गर्ने लक्ष्य लिएको जानकारी दिए। बेरोजगारीका कारण ठूलो संख्यामा युवाहरुबिदेश जान बाध्य भएको अवस्थालाई अन्त्य गर्न स्थानीय स्तरमै उद्योग, कृषि आधारित प्रशोधन केन्द्र र साना-मझौला उद्यम प्रवर्द्धन गरिने उनले बताए। लगानी आकर्षित गर्न निजी क्षेत्रसँग सहकार्य गरिने पनि उनले स्पष्ट पारे।

चौथो प्राथमिकतामा सामाजिक न्याय र विभेद अन्त्यको विषयलाई जोड दिँदै उनले जातीय विभेद, छुवाछूत तथा दलित, मुस्लिम र सीमान्तकृत समुदायमाथि हुने भेदभाव अन्त्य गर्न ठोस पहल गरिने बताए। समान अधिकार र अवसर सुनिश्चित गर्दै सम्मानजनक जीवनका लागि नीतिगत र कानुनी सुधारमा पहल गरिने उनको भनाइ थियो।

यादवले धर्म, जात, वर्ग र सामाजिक स्तरका आधारमा हुने विभाजन अन्त्य गर्दै समावेशी र न्यायपूर्ण समाज निर्माण जसपा नेपालको मूल लक्ष्य रहेको दोहोऱ्याए। विकासलाई केवल पूर्वाधारमा सीमित नराखी सामाजिक रूपान्तरणसँग जोडेर अघि बढाइने उनले बताए।कार्यालय स्थापना कार्यक्रममा पूर्व प्रदेशसभा सदस्य बाबुलाल साह, पूर्व सभासद निलम वर्मा, वरिष्ठ मधेशी नेता श्रीमन नारायण मिश्रलगायत नेताहरूले पनि मन्तव्य राखेका थिए । वक्ताहरूले क्षेत्रीय विकास, समावेशी प्रतिनिधित्व र जनअधिकारका मुद्दामा जसपाले निरन्तर आवाज उठाउँदै आएको बताएका थिए। जिल्ला अध्यक्ष भरत साहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा ठूलो संख्यामा नेता, कार्यकर्ता र समर्थकको उपस्थिति रहेको थियो।

# पूर्व सांसद ब्रजकिशोर सिंहद्वारा नेपाली कांग्रेस परित्याग

**टुडे समाचारदाता**



रौतहट। रौतहट निर्वाचन क्षेत्र नं. १ बाट दुई पटक प्रतिनिधिसभा सदस्य निर्वाचित भइसकेका नेता ब्रजकिशोर सिंहले नेपाली कांग्रेस परित्याग गरेका छन् । २०४८ र २०५१ सालमा सांसद बनेका सिंहले २०५४ सालमा स्वास्थ्य राज्यमन्त्रीको जिम्मेवारी समेत सम्हालिसकेका छन्।

सिंहले देशको वर्तमान राजनीतिक तथा प्रशासनिक अवस्थाप्रति गम्भीर असन्तुष्टि व्यक्त गर्दै पार्टी छोड्ने निर्णय गरेको बताएका छन् । उनले अहिलेको राजनीतिक र प्रशासनिक परिस्थितिमा व्यापक भ्रष्टाचार मौलाएको आरोप लगाउँदै यस्तो अवस्थामा आफू पहिलेझैं मौन बस्न नसक्ने स्पष्ट पारेका छन्।

प्रशासनिक संयन्त्र नै भ्रष्टाचारमा डुबेको अवस्थामा राजनीतिक दलभित्र रहेर सुधार सम्भव नरहेको उनको भनाइ छ। नेपाली कांग्रेससँग आफ्नो लामो राजनीतिक पहिचान जोडिएको भए पनि वर्तमान अवस्था र कार्यशैलीप्रति असहमति जनाउँदै यथार्थ तथ्यका आधारमा आवाज उठाउन बाध्य भएको उनले बताए। देश र जनताको पक्षमा बोल्नु नै आजको आवश्यकता हो सिंहको भनाइ रहेका छन्।

MOTHER TERESA PUBLIC SCHOOL
GROW WITH STRONG BASE
SINCE 2050

★ TEACHERS REQUIRED ★

Mother Teresa Public School, Janakpurdham invites applications from qualified and experienced teachers for:

★ Classes 1 to 5 ★
• Nepali • English • Science • Computer

★ Classes 6 to 7 ★
• Science • English • Computer

★ Classes 8, 9 & 10 ★
• Science • Mathematics • English • Social Studies

Application Process ★
Eligible and interested candidates may submit their Biodata (CV):
✓ At the school office on or before 2082/10/22 during working hours (10:00 AM to 1:00 PM)
✓ By email to: principalmtpsjanakpur@gmail.com
Fluency in English will be preferred.
Shortlisted candidates will be called for an interview.

MOTHER TERESA PUBLIC SCHOOL
Phone: 980-1663854

# घर घरमा खानेपानी धारा जडान

**टुडे समाचारदाता**

मलंगवा सर्लाहीको हरिवन नगरपालिकास्थित भोक्टेनीमा घरघरमा खानेपानीको धारा जडान भएपछि स्थानीय हर्षित भएका छन्। हरिवन -१, भोक्टेनी क्षेत्रका स्थानीय लामो समयदेखि खानेपानीको समस्या रहेको थियो। अहिले घरघरमा पानीको धारा जडान भएपछि आफूहरूलाई निकै सुविधा हुने गरेको सोही स्थानकी कुल्सुम खातुनले बताइन्। "अहिले घरघरमै धारा झरेको छ। दैनिक बिहान, बेलुका दुई समय पानी आउँछ। निकै सुविधा भएको छ।" खातुनले सुनाइन्। आफू विवाह गरेर आउँदा एक गाग्री खानेपानीको लागि गाउँका महिला बालबालिका चुरे फेदीमा झरेको झोरासम्म पुग्नुपर्ने बाध्यता रहेको खातुनले बताईन्।



भएको हरिवन-१, भोक्टेनीकी कविता कुमारीले बताईन्। उनले भने ,"पहिला इनारको पानी खानुपर्थ्यो। त्यो पनि हिउँद लागेपछि विस्तारै पानीको सतह घट्दै जाँदा चैत, वैशाखमा धमिलो पानी खान लडाइँ हुन्थ्यो।"

हिउँद महिना लागेपछि पानीको लागि दैनिक इनारमा झै-झगडा

केही समय पहिलासम्म गाउँमा सम्पन्न केहीले खनेको इनारमा पानी झिक्न नपाउँदाको दुःख कविताको मानसपटलमा अहिले पनि ताजै छ। २०० घर धुरीको लागि यस क्षेत्रमा ५२ वटा भन्दा धेरै साना ठूला इनार खनिएको छ। केही वर्षयता उक्त इनारमा पानी भरिन छाडेपछि स्थानीय थप खानेपानी सङ्कटमा परेका हुन। गाउँ नै खानेपानीको चपेटामा परेपछि २०७९ सालदेखि यहाँ खानेपानी योजना सुरु भएको थियो।

वडा कार्यालयको रु ३५ लाख र मधेस प्रदेशसभा सदस्य जवाहरलाल कुशवाहाको क्षेत्र विकास बजेटबाट छुट्याएको ३७ लाख गरी ७२ लाख लागतमा खानेपानीको व्यवस्था गरिएको अत्रौली खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष मुकेश साहले बताए। तत्काललाई डिप बोरिङबाट पानी निकालेर सिधैँ दिनको दुई टाइम उपभोक्ताको धारामा पठाउने गरिएको उनको भनाइ छ।

"संस्थाको सम्पूर्ण संरचना निर्माणको लागि ठूलो लगानी आवश्यक छ। अहिलेलाई पानीको प्रयोगशालाबाट परीक्षण गर्दा खान उपयुक्त देखिएपछि वितरण गरिएको हो।" यसको दिगो व्यवस्थापनको लागि वडा, नगर, प्रदेश र सङ्घ सरकार मातहतका निकायसँग निरन्तर पहल गरिरहेको अध्यक्ष साहले बताए। आयोजनाको लागि कम्पाउण्ड, ओभरहेड ट्याङ्की सहितको संरचना निर्माण नभइ दिगो व्यवस्थापन नहुने उनले सुनाए।

यस आयोजनाको लागि स्थानीय हरिनारायण ठाकुरबाट दुई कट्ठा र वडा सदस्य रहनुभएका उदयनारायण ठाकुरबाट एक कट्ठा गरी तीन कट्ठा जग्गा प्राप्त भएको वडाध्यक्ष टमबहादुर घिसिङले बताए।

# किसानबाट धान खरिद

**टुडे समाचारदाता**

जनकपुरधाम। खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, मधेश प्रदेश कार्यालय जनकपुरधामले विगत दुई महिनामा किसानबाट रु चार करोड सात लाख ६४ हजार २९० मूल्य बराबरको धान खरिद गरेको जनाएको छ।

कार्यालयका अनुसार महोत्तरी र धनुषा जिल्लाका २४० किसानबाट हालसम्म ११ हजार २३५ क्विन्टल सोना मन्सुली धान खरिद गरिएको हो। प्रतिक्विन्टल तीन हजार ६२८ रुपैयाँ ३३ पैसाको दरले ११ हजार २३५ क्विन्टल धान खरिद गरिएको कार्यालयका प्रादेशिक प्रमुख निर्मल थापाले बताए। गत मङ्सिर २८ गतेदेखि धान खरिद सुरु गरिएको र हालसम्म सो परिमाणको धान खरिद भइसकेको कार्यालयका प्रमुख थापाले बताए।

उनका अनुसार यस वर्ष धान बिक्रीका लागि धनुषा र महोत्तरीका ठूलो संख्यामा किसानले कार्यालयमा नाम दर्ता गराएको छ। बजार मूल्यभन्दा यस कार्यालयबाट धान खरिद मूल्य बढी भएकाले धान बिक्री गर्ने किसान आउने क्रम बढेको उनको भनाइ छ।

बजारमा रु ३ हजार प्रतिक्विन्टल धान खरिद बिक्री भइरहेको छ। कम्पनीले प्रतिकिसान अधिकतम ५० क्विन्टलसम्म धान खरिद गर्दै आएको भए पनि स्थानीय तहको सिफारिसका आधारमा केही किसानबाट करिब ५५ क्विन्टलसम्म धान खरिद गरिएको सहायक प्रबन्धक गङ्गाप्रसाद साहले जानकारी दिए।

धानको भुक्तानी भने सरकारले किसानको बैंक खातामै पठाउने व्यवस्था गरेको छ। कार्यालयका अनुसार कम्पनीको गोदाम नजिक दुईवटा काँटा राखी बिहान १० बजेदेखि साँझ ५ बजेसम्म किसानले ल्याएको धान खरिद भइरहेको छ। हालसम्म धनुषा र महोत्तरी जिल्लाका २४० जना किसानले स्थानीय तहको सिफारिसमा धान बिक्री गरिसकेका छन्।

धान बिक्री गर्ने किसानमध्ये धनुषाको लक्ष्मीनिया गाउँपालिका, नगराइन नगरपालिका, क्षिरेश्वरनाथ नगरपालिका तथा महोत्तरीको बलवा नगरपालिकाका किसानको सङ्ख्या बढी रहेको उनले बताए। यस वर्ष कार्यालयले १३ हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य लिएको वरिष्ठ सहायक जयकिशुनप्रसाद चौधरीले जानकारी दिए।

सरकारले यस वर्ष सोना मन्सुली धानको समर्थन मूल्य प्रतिक्विन्टल तीन हजार ६२८ रुपियाँ ३३ पैसा तोकेको छ। धान खरिदअघि गुणस्तर परीक्षण गर्ने गरिएको र गुणस्तरीय धान मात्र खरिद भइरहेको कार्यालयको गुणस्तर शाखाकी अधिकृत सरला प्रजापतिले जानकारी दिइन।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८